

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



लागूऔषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ। यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन १२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 24 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८०


## किसानका लागि स्थानीय पालिकाले बजेट खुम्च्याउँदै छन्



काउली बेच्दै किसान । तस्वीरः प्रतीक

सुषमा शर्मा, वीरगंज, ११ फागुन/

"न हामीलाई सशर्तबाट कति बजेट आयो थाहा छ, न त स्थानीयले कति छुट्यायो थाहा छ। हामीलाई ऋण लिनु छ, खेती गर्नुपर्छ, पहिले किसानको लागि केही गरेको हुन्थ्यो भने चुनावपछि पहिले जति पनि केही भएको छैन, त्यसैले हामीलाई मतलब हुँदैन," बहुदरमाई नगरपालिकाको गम्हरियाका किसान विनोद कुशवाहा भन्छन् ।

हामीलाई सेवा सुविधा दिए लिन्छौं, हैन भने त्यसको पछि लाग्न समय हुँदैन। खेतीपातीमा लाग्ने कि सेवा सुविधामा। सेवा सुविधामा लागेको खण्डमा खेतीपाती बिग्रने उनको भनाइ छ। उनले यी सबै काम नेताहरूले सृजना गरेका नक्कली किसानहरूको लागि भएको बताए । किसान लक्षित काम गर्ने हो भने वास्तविक किसानको पहिचान वडास्तरबाट गर्न नसकिने कुरा होइन। तर चाहना नभएको र जुन काममा पनि अनियमितता, कमिशनखोरी हावी भएकोले कृषि क्षेत्र पनि त्यसैबाट प्रभावित भएको किसान कुशवाहाको आरोप छ। सङ्घ, प्रदेश र स्थीनय तहले किसानको लागि सशर्त बजेट विनियोजन गर्दै आएका छन् ।

स्थानीय तहले बजेट विनियोजन नगरे पनि सङ्घ र प्रदेश सरकारले किसान लक्षित सशर्त बजेट पठाएका छन्। पर्सा जिल्लामा रहेका १४ वटा पालिकामध्ये सखुवाप्रसौनीले ४० लाख, पकाहामैनपुरले ३० लाख, पटेर्वासुगौलीले ३४ लाख, धोबिनीले ५ लाख, बहुदरमाईले ३ लाख, वीरगंज महानगरले साढे ४८ लाख, छिपहरमाईले २ लाख रुपैयाँ किसानका लागि बजेट विनियोजन गरेका छन् । यसबाहेक सङ्घीय सरकारले छुट्टै सशर्त अनुदान सहयोग उपलब्ध गराएको छ। कतिपय पालिकाले किसानलक्षित कार्यक्रम पहिलो वर्ष ठूलो बजेटमा गरे पनि अहिले कटौती गरेका छन् । छिपहरमाईले पहिलो वर्ष रु ९६ लाख विनियोजन गरेकोमा त्यसपछि रु ५ लाख र अहिले आएर रु २ लाख मात्र बजेट विनियोजन गरेको छ।

कृषि ज्ञान केन्द्र पर्साको आफ्नै दुःखेसो छ । सो केन्द्रले किसानलक्षित कार्यक्रममा किसान नै नआउने गरेको कारण यो क्षेत्रमा सुधार हुन नसकेको बताए ।

कुनैमा किसान आउँदैन भने कुनैमा


(बाँकी अन्तिम पातामा)


## कमिशनको लागि एम्बुलेन्स चालकद्वारा बिरामी अपहरित

प्रस, वीरगंज, ११ फागुन/

कोरोनाको समयमा लुकेर बसेका पर्सा जिल्लाका एम्बुलेन्सहरू अहिले पुनः बिरामी अपहरण कार्यमा सक्रिय भएका छन् ।



गर्भवती महिला खातुनका पिता । तस्वीरः प्रतीक

उनीहरूले बिरामी र कुरुवाहरूको चाहनाविपरीत विभिन्न निजी अस्पतालमा पठाउने र आफ्नो कमिशन सुरक्षित गर्दै आएका छन् । निजी अस्पतालहरूले बिरामी ल्याएबापत कमिशन तय गरेका हुनाले सडक दुर्घटना, कुटपिट, गर्भवतीलगायतलाई एम्बुलेन्स चालकहरूले आफ्नो कमिशन सुविधा अनुकूल निजी अस्पतालहरूमा पुर्‍याउने गरेका छन्। बिरामी र कुरुवाहरूले भने मुताबिक अस्पतालमा लानुको साटो उनीहरूले विभिन्न प्रपञ्च रचेर आफ्नो स्वार्थ अनुकूलका निजी अस्पतालमा पुर्‍याउने गरेका पाइएको छ।

पोखरिया नगरपालिका-६ की रोशनी खातुन गर्भवती अवस्थामा पोखरिया अस्पतालमा भर्ना भएकी र उनलाई सो अस्पतालबाट रेफर गरिएपछि एम्बुलेन्स चालकले आफूअनुकूलको निजी अस्पतालमा पुर्‍याएका थिए । खातुनको आर्थिक अवस्था कमजोर भएको र उनले नारायणी अस्पतालमा लैजान भन्दा चालकले विभिन्न प्रपञ्च रचेर इन्डो-नेपाल अस्पताल पुर्‍याएका थिए। इन्डो-नेपाल अस्पतालले पछिल्लो चरणमा सबैखाले स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। यसअघि सो अस्पतालमा आँखाको मात्र उपचार हुने गरेको थियो।

सो अस्पताल तोकिएको


(बाँकी अन्तिम पातामा)


## पर्सामा ३० जना एचआइभी सङ्क्रमित थपिए

प्रस, वीरगंज, ११ फागुन/

विद्यार्थी जागरण मञ्च (विजाम), ग्लोबल बिन्ड, सेभ द चिल्ड्रेनको आयोजनामा वीरगंजमा सरोकारवालाहरूसँगको बैठक सम्पन्न भएको छ।



गोष्ठीमा सहभागीहरू । तस्वीरः प्रतीक

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख कामेश्वर चौरसियाको अध्यक्षतामा भएको बैठकमा विजामका अनुगमन तथा मूल्याङ्कन अधिकृत तपेन्द्र शाहीले यस वर्ष डिसेम्बरसम्म १ हजार २ सय ९५ जना लागूऔषध प्रयोगकर्ताहरूको एचआइभी परीक्षण गर्दा ६ जनामा एचआइभी पोजेटिभ देखिएको बताए । उनले प्रयोगकर्ताबाहेक अन्य २४ जना एचआइभी सङ्क्रमित फेला परेको जानकारी गराएका थिए।

उनले एचआइभी सङ्क्रमितहरूको लागि हेटौंडामा रोजगार कार्यक्रम अन्तर्गत सातजनाले ऋण सहयोगमा ठेलामा खाजा र चियानास्ताको पसल सञ्चालन गरेको बताए । वीरगंजबाट पनि यसको थालनी हुनुपर्ने उनले सुझाव दिए । विजामका प्रोग्राम कोअर्डिनेटर अनुज खड्काले लकडाउनमा लागूऔषध दुर्व्यसनीहरूलाई उपलब्ध गराउने सुई र ओएसटी (मौखिक प्रतिस्थापन पद्धति) प्रयोगमा समस्या भएको बताए। लकडाउन अवधिमा ओएसटीका नियमित प्रयोगकर्ता २३ जनालाई घरघरमा पुगेर सेवा दिइएको जानकारी गराए । सो क्रममा खटिएकाहरूले समस्या भोग्नुपरेको उनले बताए । ओएसटीको प्रयोग नारायणी अस्पतालमा ६० देखि माथिकाले गर्दै आएको तर नियमितरूपमा २३ जना लिंदै आएको जानकारी गराएका थिए।

यसैगरी, १२ सय ९५ जना दुर्व्यसनीमध्ये २० प्रतिशतलाई मात्र लकडाउनमा सुई उपलब्ध गराउन सकेको उनले बताए । विजामले दुर्व्यसनीहरूमा एचआइभी सङ्क्रमण नहोस् भनेर उनीहरूले प्रयोग गर्ने सुई दैनिकरूपमा उपलब्ध गराउँदै आएको उनले बताए। अहिले सबै दुर्व्यसनीलाई सुई उपलब्ध गराउँदै आएको र यसले एचआइभी सङ्क्रमण नियन्त्रण गर्न सघाउ पुगेको उनले बताए ।

प्रोग्राम कोअर्डिनेटर खड्काले एचआइभी सङ्क्रमित तथा लागूऔषध प्रयोगकर्ताहरूको लागि पूर्णरूपमा निश्शुल्क स्वास्थ्य सुविधा उपलब्ध नभएको, उनीहरूको उपचार खर्च महँगो भएको र संस्थासँग उनीहरूको सबै खर्च बेहोर्न सक्ने बजेट नभएको, एचआइभी सङ्क्रमित तथा दुर्व्यसनीहरूलाई आयआर्जन तथा सीपमूलक कार्यक्रम आशाप्रदरूपमा सञ्चालन गर्न नसकेको र सङ्क्रमित तथा प्रयोगकर्ताको उपचारमा स्वास्थ्य निकायबाट पूर्णरूपमा लाञ्छना र भेदभावको अन्त्य हुन नसकेको बताए । कोरोना सङ्क्रमणले संस्थाले उपलब्ध गराएका सेवाहरू पनि अवरुद्ध भएको उनको भनाइ थियो।

बैठकमा दिव्य युवा क्लबका सुनील कुमार, बारा प्लसका विद्यानन्द साह, नारायणी अस्पतालकी सरिता श्रेष्ठ, रेडक्रसका उदयराज शर्मा, पत्रकार शत्रुघ्न नेपाल, वीरगंज महानगरका सुमनचन्द्र ठाकुरलगायतले सुझाव दिएका थिए।

बैठकमा सहयात्री समाजका समता बम, आशिष् गुरागाईं, अवधेशप्रसाद साहलगायतको सहभागिता थियो।

## भारततर्फ इन्धन तस्करी भएपछि नेपालमा अभाव



पर्सा र बारामा पेट्रोल/डिजेल भर्नेहरूको भीड र इन्धन नभएपछि बन्द ग्रामीण क्षेत्रको पेट्रोलपम्प । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ फागुन/

पर्सा जिल्लाबाट पेट्रोलियम पदार्थको तस्करी बढ्दो छ। भारतमा पेट्रोलियम पदार्थको मूल्य नेपालको तुलनामा निकै महँगो भएको कारण सीमावर्ती भारतीय क्षेत्रमा अहिले पर्साबाट दिनहुँ पेट्रोल, डिजेलको तस्करी भइरहेको छ।

विगत केही महीनादेखि पर्सा जिल्लाका जानकीटोला, भिस्वा, दसौता, पाँडेपुर, महादेवपट्टि, सुवर्णपुर, विजयबस्तीलगायतका स्थानबाट पेट्रोलियम पदार्थको तस्करी हुँदै आएको छ। यहाँबाट भारतीय बजार घुमाटार, भङ्गाहा, इनर्वा, मैनाटार र सिकटासम्म तस्करीमार्फत पेट्रोल र डिजेल जाने गरेको छ।

भारतमा प्रतिलिटर पेट्रोल र डिजेल नेपालको तुलनामा रु २५ महँगो भएकोले सीमावर्ती क्षेत्रबाट पेट्रोलियम पदार्थको तस्करी बढेको हो । नेपाल आयल निगमबाट ग्रामीण क्षेत्रमा पर्याप्तरूपमा पेट्रोलियम पदार्थ पूर्ववत्‌रूपमा आपूर्ति हुँदै आए पनि अहिले तस्करीका कारण ग्रामीण क्षेत्रका केही पेट्रोलपम्पमा स्थानीयहरूले पेट्रोल, डिजेल नपाएको अवस्था छ। तस्करहरूबाट बढी मोल पाउने हुनाले पेट्रोलपम्प सञ्चालकहरूले उनीहरूलाई उपलब्ध गराउने हुँदा जिल्लाका सर्वसाधारणले अहिले


(बाँकी अन्तिम पातामा)


## छोटकरी

### ट्रान्सपोर्टमा छापा

प्रस, वीरगंज, ११ फागुन/

जिल्ला प्रहरी कार्यालय पर्साको क्राइम टोलीले आदर्शनगरमा रहेको बजरङ्गबली ट्रान्सपोर्टमा छापा मारी सिल गरेको प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले जानकारी दिए।

तस्करीका सामान ल्याइ नेपालका विभिन्न ठाउँमा पुर्‍याउनका लागि राखेको सूचनाको आधारमा प्रहरीले छापा मारेको जनाएको छ । ट्रान्सपोर्टमा प्रहरीले आज सिलसमेत गरेको छ। ट्रान्सपोर्टमा रहेका केही कागजातसमेत नियन्त्रणमा लिएको प्रनाउ कुँवरले बताए।

## ४ हजार ८४० जनाले लगाए खोप

प्रस, वीरगंज, ११ फागुन/

पर्सा जिल्लामा कोरोनाविरुद्धको दोस्रो चरणको खोप ४ हजार ८४० जनाले लगाएको स्वास्थ्य कार्यालय पर्साका प्रमुख कामेश्वर चौरसियाले बताए।

फागुन २ देखि १० गतेसम्म सञ्चालित दोस्रो चरणको खोप ५ हजार १४१ जनालाई दिने लक्ष्य रहेकोमा ८८ प्रतिशत अर्थात् ४ हजार ८४० जनाले लिएको उनले जानकारी गराए। पहिलो चरणको खोप पर्सा जिल्लामा लक्ष्यभन्दा बढीले लिएका थिए। पहिलो चरणमा ४ हजार ७९ जनालाई खोप दिने लक्ष्य रहेकोमा ५ हजार ६१ जनाले खोप लिएका थिए।

दोस्रो चरणमा जनप्रतिनिधि, सरकारी कर्मचारीहरूले कमै खोप लिएको उनले बताए। विविध कारणले सरकारी कर्मचारीहरू र जनप्रतिनिधिले खोप नलिएको उनको भनाइ थियो।

केही खालीपन आफ्नाले नै दिन्छन्, जसले गर्दा पराईसँग गहिरो सम्बन्ध गाँसिन्छ ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# मुआवजा र सरकारी नियत

**भूमि सरकारको हो । नागरिकले तिरो तिरेर भोगचलन गरेको हुन्छ । यो अनादिकालदेखि चलिआएको नियम हो । तर भूमि सरकारको हो भन्नेबित्तिकै सरकारले नागरिकसँग जबरजस्ती खोस्न भने पाउँदैन, यो सरकारको नैतिक दायित्व हो । सार्वजनिक हितका लागि कसैको जग्गा आवश्यक परेको अवस्थामा सरकारले क्षतिपूर्ति दिनुपर्छ । क्षतिपूर्ति भनेको उसले भोगचलन गरिआएको जुन अवस्थाको जग्गा छ, त्यस्तै जग्गा सट्टाभर्ना वा चलनचल्तीको खरीद–बिक्री दरमा रकमको भुक्तानी । यदि जग्गामा कुनै संरचना छ भने त्यसको समेत भरपाई गर्नु सरकारको नैतिक दायित्व हो । नेपालको संविधानले पनि क्षतिपूर्ति नदिई कसैको जग्गा लिन पाईंदैन भनेको छ । सर्वोच्च अदालतको विभिन्न फैसलाले पनि यस्तै नजीर कायम गरेको छ । सरकार भने आफूखुशी क्षतिपूर्ति दिने कुरामा अड्डी लगाउँछ । कसैलाई सुकुमबासी बनाउने गरी क्षतिपूर्ति दिनुको कुनै अर्थ हुँदैन । यस ठाउँमा समानताको कुरा हेरिंदैन । मानवीय आवश्यकतालाई प्राथमिकता दिइन्छ । यसका साथै नागरिकले पनि विचार गर्नुपर्छ कि व्यक्तिभन्दा जहिले पनि सार्वजनिक हित ठूलो हो, तसर्थ सरकारले सार्वजनिक हितमा गर्न लागेको काममा आफ्नोतर्फबाट पनि सहयोग पुऱ्याउन् ।**

**तर नेपालमा भने सरकार कहिले पनि न्यायप्रति सदाशयी देखिएन । कहीं अनावश्यक क्षतिपूर्ति दिने र कहीं आवश्यक परेका, निर्धा व्यक्तिलाई हताश र निराश पार्ने गरेको देखिन्छ । देशको दक्षिणी सीमान्त क्षेत्रमा जन्मेका जो कोहीलाई पद्मरोड वा अहिलेको हुलाकी सडकबारे जानकारी छ । त्यो सडक सयौं वर्ष पहिलेदेखि अस्तित्वमा थियो । सरकारको लापरवाही र कालक्रममा ठाउँठाउँमा विभिन्न सडक निर्माण हुँदै गएपछि अपायक ठाउँको हुलाकी सडक सिमानाका किसानले च्याप्दैच्याप्दै खेतमा मिलाए र भ्रष्ट कर्मचारीको मिलेमतोमा नम्बरी पनि कायम गर्न सफल भए । त्यस्ता व्यक्ति वा परिवारसँग उसले अनाधिकार उपभोग गरेको जग्गाको आफूले क्षतिपूर्ति लिनुको साटो उल्टै क्षतिपूर्ति दिन तम्सने तर वर्षौंदेखि बाबु–बराजुले खनजोत गरिरहेको, घर बनाएर पुस्तौंदेखि बसिरहेको नागरिकको भने उठिबास लगाउनेगरी ड्राइपोर्ट र एकीकृत जाँचचौकीका लागि जग्गा अधिग्रहण गर्नु र क्षतिपूर्ति दिन वर्षौं लगाउनु, त्यो पनि मनपर्दो मूल्यमा, सरकारको विवेकहीनता हो ।**

**धेरै मामिलामा सरकारले यस्तै नियत देखाउने गरेको छ । हुनेखानेलाई क्षतिपूर्ति बढी दिने, कमिशनको लोभमा अधिकार पाएको व्यक्तिले अनावश्यक जग्गाको पनि बढी मोल कायम गर्ने तर निर्धा व्यक्तिको जग्गा सकभर सित्तैमा लिने वा थोरै मूल्याङ्कन गर्ने काम दुःखदायी मात्र हो । यस मामिलामा हुनेखानेको जग्गा परेको छ भने उसले जसरी पनि विभिन्न बाधा हाल्ने र समय लम्ब्याउँदै गएर जग्गाको मोल बढेको बेला पारेर सरकारलाई हायलकायल पारी बढी पैसा लिने गरेका उदाहरणहरू नदेखिएका होइनन् । यस क्रममा गरीब र निमुखा नागरिकको कन्तबिजोग हुने कुरामा कसैले विचार पुऱ्याएको देखिंदैन । न सरकार, न नागरिक समाज, त्यस्ता व्यक्तिको लागि जुर्मुराएको देखिंदैन । यस्तो प्रवृत्तिले देशमा न्यायको स्थापना हुन सक्दैन । ऐन, कानून र संविधान मात्र भएर के गर्नु, सरकार, सरकारी कर्मचारीको नियतमा नै खोट छ भने नागरिकले बारम्बार यस्तो दुर्निवार अवस्थाको सामना गर्नुपर्छ । त्यसैले नागरिक आवश्यक–अनावश्यक जुन पनि आन्दोलनमा आफ्नो भविष्य देख्न बाध्य हुन्छ र सडक तताउन कुद्छ । अनावश्यक शहीद बन्छ ।**

# पीडाबोध

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनको मुद्दा संवैधानिक इजलासमा रहेको क्रममा पक्ष, विपक्षको बहसपछि पाँचजना एमिकस क्युरीले समेत आफ्नो बहस पूरा गर्नुभएको छ । पाँचजनामध्ये चारजनाले पुनर्स्थापना गर्नुपर्ने तर्कहरू राख्नुभएको छ भने एकजनाले विघटन सदर हुनुपर्ने धारणा राख्नुभएको छ । अन्तिम निर्णय त संवैधानिक इजलासबाट नै हुनेछ तर यो सर्वसम्मत वा बहुमतको आधारमा हुन्छ भन्ने कुरा पनि यसैसाथ टुङ्गो लाग्नेछ ।

यसैबीच सिंहदरबार परिसरमा पुनर्निर्माण सकिएको भवनहरूको उद्घाटन गर्दै प्रधानमन्त्रीले आफ्नो तीन वर्षे कार्यकालको उपलब्धिको लामो फेहरिस्त प्रस्तुत गर्नुभएको छ । उहाँले प्रस्तुत गर्नुभएको कामको फेहरिस्त ठीक हो भने संसद्को सहयोग र समर्थनविना नै यो कसरी सम्भव भयो भन्ने प्रश्न उठ्न थालेको छ । नेपालकै गुरु वकील भनेर चिनिने कृष्णप्रसाद भण्डारीप्रति बाजे वकील भनेर कटाक्षका साथै अन्य अशोभनीय टिप्पणी गरेबापत अदालतको मानहानीको मुद्दा खेपिरहनुभएका प्रधानमन्त्रीलाई अब अदालतले आफैं उपस्थित भई सफाइ पेश गर्न भन्दा समेत चेत नखुलेको उहाँले विराटनगरको आमसभामा गर्नुभएको बोली र व्यवहारबाट मर्यादा र नैतिकताको ठूलो प्रश्न उठेको छ । सबैभन्दा पहिले त सभास्थलको छनोटले नै दुई सय मिटरको दूरी कायम गर्नुपर्ने दायित्वलाई बिर्सेर अस्पतालभन्दा तीस मिटरकै दूरीमा सभास्थलको छनोट र माइकिङले अस्पतालको आइसियू र बाल विभागमा विशेषगरी र बाँकी अन्य सबै विभागलाई समेत असुविधा भएको समाचार आइरहेका छन् । त्यसमाथि प्रम ओलीले विचाराधीन मुद्दाको क्रममा संसद् पुनर्स्थापनाको निर्णय भए यसले जनआन्दोलन र विद्रोह निम्त्याउनेसम्म भन्न भ्याउनुभयो । उहाँले भन्न मात्र भ्याउनुभएन विद्रोही विप्लव समूहसँग वार्ता गरी आफ्नो पक्षमा मिलाउने

स्वतन्त्र विचार



विनोद गुप्ता

**ओली पक्षले जतिसुकै आन्दोलनको धम्की दिए पनि सरकारको सुरक्षा निकायलगायतका संयन्त्रहरूले सर्वोच्चको आदेशको परिपालना हुने गरी काम गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हिंड्नुपर्नेछ र क्रमशः देशको राजनीति मूलधारतर्फ फर्किनेछ । यो नभएमा नेपालको राजनीति चालकविहीन वाहन हुन पुग्नेछ, जुन राष्ट्रको लागि घातक सिद्ध हुन सक्छ ।**

कार्यनीति बनाइ अगाडि बढिरहनुभएको छ । बहालवाला र त्यो पनि संवैधानिक हिसाबले कामचलाउ प्रम भएपनि बलमिच्याइँले राजीनामा नदिई बस्नुहुने उहाँले मर्यादा र नैतिकताको प्रश्नसमेत खडा गर्नुभएको छ । अझ यसभन्दा बढी फागुन ७ गते प्रजातन्त्र दिवसको सरकारी कार्यक्रममा राष्ट्रपति हिंड्नुभएपछि उपराष्ट्रपतिलाई गर्नुभएको अभद्र व्यवहारले त मर्यादा र नैतिकताको पराकाष्ठा नाघेको मानिंदैछ ।

केही छापामा प्रकाशित अपुष्ट समाचार अनुसार एउटा विदेशी शक्तिले ७ बुँदे सम्झौताको एउटा प्रारूप प्रस्तुत गरेको छ, जसमा संसद् पुनर्स्थापना हुने तर ओली पक्षले बाँकी कार्यकाल प्रधानमन्त्रीको रूपमा पूरा गर्न पाउनुपर्ने अनि राष्ट्रपतिलाई महाअभियोग लगाउन नपाइने जस्ता शर्तहरू छन् । सम्भवतः यो गरेबापत ओली सरकारले क्यान्टोनमेन्ट र ललिता निवास जग्गा प्रकरणबाट प्रचण्ड र नेपाललाई उन्मुक्ति दिने र केही राजनीतिक हिस्सेदारीका बुँदाहरू पनि भएको समाचार सामाजिक सञ्जालमा देखिएको छ । यो सत्य नहुनु नै राम्रो तर सत्य हो र यस मोडमा प्रचण्ड एवं नेपाल समूहले कुनै पनि दबाबमा आएर यसलाई स्वीकार गर्छ भने योभन्दा ठूलो गल्ती अर्को हुनेछैन ।

अन्ततः यो विवादको अन्त्य सर्वोच्चकै निर्णयबाट हुनेछ र त्यो निर्णय कि विघटन पुनर्स्थापना वा सदर गरी दुईवटा विकल्प मात्र देखा पर्दछ । जसरी पहिलेदेखि आन्दोलनरत प्रचण्ड–नेपाल समूहले विपक्षमा फैसला भए आँधीबेहरी ल्याउने चेतावनी दिएका छन्, त्यसैगरी प्रमले पनि आफ्नो निर्णय सदर नभए आन्दोलन गर्ने घोषणा गर्नुभएको छ । पुनर्स्थापना भए उहाँले संसद्को बैठक नै आह्वान गर्न नसक्ने कुरा अदालतमैं उठेको छ भने यो अवस्थामा सङ्कटकाल लगाएर आफ्नो सत्ता लम्ब्याउने खेलमा प्रम लाग्न सक्नुहुन्छ । अहिले नै उहाँले संसद् विघटन गर्दा नैतिकताको आधारमा राजीनामा दिनु भई केयरटेकरको रूपमा रहनुपर्नेमा सो व्यवस्थाको समेत उल्लङ्घन गर्नुभएको छ । कानूनतः कामचलाउ सरकारले चुनावपछि निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्दछ । तर वैशाखमा निर्वाचन हुने सम्भावना नै नदेखिएको अवस्थामा यो सरकारको आयु कुन ऐन टेकेर लम्ब्याइएको हो बुझ्न कठिन छैन । माथि भनिए जस्तै फेरि कुरा सङ्कटकालकै आउँछ । सङ्कटकालकै घोषणापछि निर्वाचन गर्दासमेत ६ महीनाभित्रमा संसद्बाट अनुमोदन नगराइ नहुने भएकोले चुनाव गराउन दल दर्ताको प्रक्रिया शुरू गर्नुपर्ने हुन्छ । यसका लागि नेकपाको विवादको समाधान निर्वाचन आयोगले कसरी गर्छ भन्ने कुरामा निर्भर हुन्छ । निर्वाचन आयोग सम्भवतः सर्वोच्चको निर्णय पर्खेर बसेको छ । तर यसले उसलाई मुक्ति हुनेछैन किनभने दुवै अवस्थामा यो विवादको समाधान हुन जरुरी छ । तर सर्वोच्चले संसद् पुनर्स्थापित गरिदिए सबै व्यवस्था आफ्नो ठाउँमा आउनेछन् । नेकपाको विवाद आन्तरिक हो र उनीहरूले आफ्नो पार्टीको विधान अनुसार यसको समाधान गर्नेछन् । ओली पक्षले जतिसुकै आन्दोलनको धम्की दिए पनि सरकारको सुरक्षा निकायलगायतका संयन्त्रहरूले सर्वोच्चको आदेशको परिपालना हुने गरी काम गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हिंड्नुपर्नेछ र क्रमशः देशको राजनीति मूलधारतर्फ फर्किनेछ । यो नभएमा नेपालको राजनीति चालकविहीन वाहन हुन पुग्नेछ, जुन राष्ट्रको लागि घातक सिद्ध हुन सक्छ । देश जसरी अहिले कोरोना महामारीले आक्रान्त छ र सरकार विकास योजना सञ्चालन गर्नमा असफल रहेको छ, त्यसले देश र यसका जनतालाई थप पीडाबाहेक केही दिन सक्नेछैन ।

## संविधानको मर्मविपरीत भएको हुँदा प्रतिनिधिसभा पुनर्स्थापना


# प्रतिनिधिसभा विघटन पाँच कारणले असंवैधानिक ठहर

काठमाडौं, ११ फागुन/रासस

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णयविरुद्ध परेको रिट निवेदनको सुनुवाइपछि सो कदम असंवैधानिक भएको ठहर गर्दै पुनर्स्थापना गर्ने फैसला गर्नुपर्ने पाँच कारण दिएको छ । करीब एक महीनाको सुनुवाइपछि प्रधानन्यायाधीश

तस्वीरः रासस



सर्वोच्च अदालत, संवैधानिक इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
संक्षिप्त आदेश

विषय :उत्प्रेषण परमादेश।
०७७-WC-००२८

काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा .वडा नं. बस्ने अधिवक्ता सन्तोष भण्डारी .....१
काठमाडौं जिल्ला टोखा न.पा .वडा नं. ९ बस्ने अधिवक्ता नवराज पाण्डे.............१
काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा .वडा नं.६ बस्ने अधिवक्ता सुजन नेपाल.१
निवेदक

सिंहदरबार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामुख अग्नी प्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेश समेत जारी गरिएको छ ।

यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनुपर्ने प्रकृतिको रहेको र आदेशको पूर्णपाठ तैयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिएको छ। आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई तत्काल गराइदिनु ।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

इति सम्वत् २०७७ साल फागुण ११ गते रोज ३ शुभम् ।

चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने भनी आज फैसला सुनाएको हो ।

प्रधानन्यायाधीश राणा आफैंले फैसला पढेर नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभावमा गरिएको विघटन संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल भएको ठहराइ प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपरेको सुनाए ।

फैसलामा भनिएको छ, "राष्ट्रपतिसमक्ष गत पुस ५ गतेको सिफारिश तथा सोबमोजिम राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्तिसमेतका तत्सम्बन्धी सम्पूर्ण कामकारबाहीहरू असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।"

फैसलाको आधार नम्बर १ मा राजनीतिक विषयवस्तु अदालतले हेर्ने हो कि होइन भन्नेमा केन्द्रित छ । नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि विगतमा पटक–पटक प्रतिनिधिसभा विघटन भएकामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला (२०५१), मनमोहन अधिकारी (२०५२), शेरबहादुर देउवा (२०५९)ले प्रतिनिधिसभा विघटन गरेको सम्बन्धमा रिट निवेदनमा अदालतबाट न्याय निरूपण भएको हुँदा वर्तमान प्रधानमन्त्री केपीशर्मा ओलीले विघटन गरेको विवाद अदालतबाट न्याय निरूपणयोग्य भई संवैधानिक एवं कानूनी प्रश्नका रूपमा स्वीकार गरिएको र संवैधानिक इजलासको अधिकार क्षेत्रभित्र नै रहेको उल्लेख छ ।

फैसलाको आधार नं २ मा परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकमा पनि संसद् विघटन गर्ने कार्यलाई निरुत्साहन गर्नेतर्फ तथा उत्तरदायी सीमित सरकारको अवधारणालाई केन्द्रित गरिएको छ । 'साबिक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ (४)को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधिसभा विघटन गर्नेसम्बन्धी अभ्यासहरूबाट सिकिएका पाठहरूसमेत मनन गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधिसभा विघटनसम्बन्धी व्यवस्थालाई संविधानमा निस्शर्तरूपमा खुला छोडेको पाइँदैन," फैसलामा भनिएको छ, "संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा बाहेक संसदीय प्रणालीको आधारभूत मूल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति, २०७७ कार्यान्वयन

काठमाडौं, ११ फागुन/रासस

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी एकीकृत एवं उपयुक्त नीतिगत व्यवस्था कायम गर्ने उद्देश्यले आयोगले नयाँ नीति कार्यान्वयनमा ल्याएको हो।

निर्वाचन व्यवस्थापनमा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषताअनुरूप हुने गरी रूपान्तरण गर्ने, सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्न योगदान पुग्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए।

समाजका सबै वर्ग, लिङ्ग, समुदाय र उमेर समूहका मानिसमा सामाजिक सञ्जालप्रतिको आकर्षण बढ्दै गएको परिप्रेक्ष्यमा एकातर्फ सामाजिक सञ्जालको उपयोग गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्री, निर्वाचन आयोगका गतिविधि, निर्वाचनका सबै चरण र प्रक्रियाका निर्वाचनसम्बन्धी सूचनाहरू छिटोछरितो, मितव्ययी एवं प्रभावकारी तवरबाट सम्प्रेषण गर्न सकिने अवसर सिर्जना भएको आयोगको दाबी छ। सूचना प्रविधि एवं सामाजिक सञ्जालको क्षेत्रमा कार्यरत निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्दै आगामी दिनमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी बनाउन नीति सहयोगी हुने आयोगले अपेक्षा गरेको छ। नीति कार्यान्वयनमा आएसँगै आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितोरूपमा प्रवाह गरी पारदर्शी बनाउने, सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाइ समन्वय र सहकार्य वृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्ने, युवा, महिला, समावेशी समूह, अपाङ्ता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता हुनेछ।




प्रचारप्रसार एवं पहुँच वृद्धि गर्ने, सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकीन गर्न योगदान पुग्ने विश्वास गरिएको छ। सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्ने, निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चारमाध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचनसम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्ने जस्ता कार्यमा नीति कार्यान्वयनबाट सहज हुनेछ।

सामाजिक सञ्जालका मञ्चको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड एवं द्वेषपूर्ण अभिव्यक्ति जस्ता क्रियाकलापमार्फत निर्वाचनलाई नकारात्मकरूपमा प्रभाव पार्ने एवं निर्वाचनको समयमा सामाजिक सञ्जालको माध्यमबाट बाह्य हस्तक्षेप हुन सक्ने जोखिमको विगतमा महसूस गरी नीति कार्यान्वयनमा ल्याइएको हो। सामाजिक सञ्जालबाट सिर्जित उल्लिखित अवसरको सदुपयोग गर्ने एवं सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरण गर्ने प्रयासस्वरूप नीति तर्जुमा गरिएको जानकारी दिइएको छ।

उक्त नीति तर्जुमा गर्दा संवैधानिक एवं कानूनी व्यवस्था, पन्ध्रौं पञ्चवर्षीय योजना, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना एवं विगतका अभ्यासबाट प्राप्त सिकाइ तथा उपलब्धिलाई आधार मानिएको आयोगले स्पष्ट गरेको छ। नीतिको दूरदृष्टि "व्यवस्थित, मर्यादित एवं विश्वसनीय सामाजिक सञ्जाल" छ भने "निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गर्ने" ध्येय रहेको छ।

"स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य बनाउने" लक्ष्य रहेको उक्त नीतिको उद्देश्य निर्वाचनसम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाइ सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउने हो। आयोगका सूचना, गतिविधि तथा निर्वाचन शिक्षा सामग्री सामाजिक सञ्जालमार्फत आमनागरिकसमक्ष पुऱ्याइ सहज पहुँच र निर्वाचनको विश्वसनीयता अभिवृद्धिका लागि सामाजिक सञ्जालको उपयोगमा बहुपक्षीय समन्वय र सहकार्यका लागि सहयोग पुग्नेछ।

नीतिमा ६ वटा रणनीति र रणनीति अन्तर्गत ३० वटा कार्यनीति तय गरिएको छ। नीति कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति जस्ता संस्थागत व्यवस्था गरी समितिका काम, कर्तव्य र अधिकारसमेत परिभाषित गरिएको छ।

# घाइतेहरूको प्रदेश प्रमुखको टोलीद्वारा उद्धार

प्रस, रौतहट, ११ फागुन/

प्रदेश २ का नवनियुक्त प्रदेश प्रमुख डा राजेश झा 'अहिराज'को टोलीले मङ्गलवार सडक दुर्घटनामा घाइतेको उद्धार गरेको छ।



पूर्वपश्चिम राजमार्ग अन्तर्गत रौतहटको लमहा जङ्गलमा मोटरसाइकल दुर्घटनामा घाइते चारजनालाई प्रदेश प्रमुख झाले उद्धार गरी अस्पताल पठाएका हुन्।

लमहा जङ्गलको लच्कानजीकै ना.५६प ७३६५ नम्बरको मोटरसाइकल र बिआर ३०जे९३९७ नम्बरको भारतीय मोटरसाइकल एकापसमा ठोक्किंदा मोटरसाइकल सवार जीतबहादुर पहरी, सुरज पहरी, विकास यादव, चित्ररेखा यादव घाइते भएका छन्। दुर्घटना जङ्गलमा भएकोले समयमा उद्धारकर्ता नपुग्दा घाइतेहरू उद्धारको प्रतीक्षामा छटपटाइरहेका थिए। सोही समय जनकपुरबाट बाराको जीतपुरमा एक कार्यक्रममा सहभागी हुन जाँदै गरेका प्रदेश प्रमुख झाले देखेपछि घाइतेको उद्धार गरी अस्पताल पठाएको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ।

घाइतेहरूलाई बोकेर गाडीमा राख्न प्रदेश प्रमुख डा झा आफ्ना सुरक्षाकर्मीसँगै खटिएको र स्कर्टिङको गाडीमा घाइतेलाई राखी अस्पताल पठाएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै इप्रका चपुरले जनाएको छ।

घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूले बताएका छन्। उनीहरूको चपुरस्थित चन्दपुर अस्पतालमा आकस्मिक उपचारपछि उपचारका लागि अन्यत्र पठाइएको छ।

# डिजिटल अनुगमन प्रणाली : ढुवानीमा कैफियत गर्नेलाई धमाधम समाइँदै

काठमाडौं, ११ फागुन/रासस

गएको साता भारतबाट झन्डै १० हजार किलो चिनी भन्सार छलेर काठमाडौं आइपुग्यो। राजस्व अनुसन्धान विभागको मालवस्तु ढुवानीमा प्रयोग गरेको डिजिटल अनुगमन प्रणाली (सूचना प्रणाली)मार्फत अनुसन्धान गर्दा उक्त चिनी आयातको स्रोत फेला परेन।

चिनी आयातकर्ताले भारतबाट रातारात तस्करी गरेर चिनी नेपाल भित्र्याइ नक्कली कागजात बनाएर विभागको सूचना प्रणालीमा प्रविष्ट गराएर काठमाडौं ल्याएको थियो। काठमाडौं आएपछि उनलाई अब त राजस्व अनुसन्धान विभागको कारवाहीबाट बचियो भन्ने लागेको थियो होला। तर उनको अनुमानले काम गरेन। अन्ततः उनको कैफियत विभागले प्रयोग गरेको सूचना प्रणालीमार्फत पत्ता लाग्यो।

विभागका महानिर्देशक दीर्घराज मैनाली भन्छन्, "तस्करी गरेर चिनी ल्याएको हाम्रो सूचना प्रणालीले पत्ता लगायो, अहिले चिनी र ट्रकलाई नै नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका छौं, यसरी छली गरेर ल्याएको कपडाको विषयमा समेत हाम्रो अनुसन्धान जारी छ।" विभागले सबै कपडापसललाई सिल गरेको छ। अघिल्लो वर्ष एक करोडको कारोबार गरेको व्यावसायिक संस्थाले अहिले ६ करोडको कारोबार भयो भने त्यो विभागको सूचना प्रणालीमा थाहा हुन्छ। कारोबारमा एक्कासि आमूल परिवर्तन देखिंदा उसमाथि अनुसन्धान केन्द्रित हुन्छ। स्रोत नखुले ऊ कारबाहीको भागीदार हुन्छ। दुवै घटनाको विषयमा अनुसन्धान नसकिएकाले विस्तृत विवरण सार्वजनिक गरिएको छैन। नाम सार्वजनिक गर्दा संलग्न व्यक्तिहरू भाग्न सक्ने भएकाले गोप्य राखिएको मैनाली बताउँछन्। उनका अनुसार तस्करी गरेर चिनी ल्याउने व्यक्तिले यसरी चारपटक कैफियत गरेको पाइएको छ। उनीविरुद्ध अहिले रु ८ लाख धरौटी राखेर अनुसन्धान जारी छ। उनीहरूले रातभर लगाएर भारतबाट मालवस्तु नेपाल प्रवेश गराउने गरेका छन्।

त्यसपछि नेपालमा नक्कली कम्पनी फर्म खडा गरेर एक फर्मबाट अर्कोमा मालवस्तु बिक्री गरेको देखाएर ठूलो रकमको राजस्व छली गर्ने गरेका छन्। अनुसन्धानले त्यो कुरालाई पुष्टि गरेको विभागको भनाइ छ।

महानिर्देशक मैनाली मालवस्तु ढुवानीमा सूचना प्रणालीको प्रयोगले व्यवहारमै परिवर्तन देखिएको बताउँछन्। उनले अब आर्थिक अनुशासन कायम राख्ने हो भने सूचना प्रणालीलाई व्यवस्थित गर्नुको विकल्प नभएको समेत बताए। भन्सार छलेर आयात भएका मालवस्तु र त्यस्तै अवैध कारोबारमा संलग्न व्यक्तिलाई करको दायरमा आउन उक्त सूचना प्रणाली एउटा महत्वपूर्ण माध्यम बन्न पुगेको छ।

विभागले २०७६ साउनबाट राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन, स्वस्थ, व्यावसायिक प्रतिस्पर्धा कायम गरी अनौपचारिक आर्थिक कारोबारलाई औपचारिकतर्फ लैजान भेहिकल कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम (भिसिटिएस) प्रयोगमा ल्याएको थियो। उक्त प्रणाली लागू भएपछि व्यवसायीलाई आर्थिक अनुशासन कायम गर्न दबाब सिर्जना गरेको छ। यसले स्वेच्छिक कर सहभागिता बढाएको छ।

डिजिटल नेपाल अवधारणालाई सहयोग पुऱ्याउन, आर्थिक सुशासन प्रवर्द्धन गर्न, सूचना र प्रविधिको प्रयोग गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा १३ (ग)मा भएको व्यवस्था अनुसार व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली प्रयोग गरिएको हो। विभागबाट प्राप्त विवरण अनुसार यसले राजस्वको दायरासमेत बढेको र करको दायरामा नआएका व्यवसायीलाई दायराभित्र प्रवेश गराउन सहज भएको छ।

उक्त सूचना प्रणाली छल्न खोज्ने व्यक्तिविरुद्ध झन्डै ३० करोड बिगो कायम गरी मुद्दा चलाइएको मैनालीले बताए। उनले सशस्त्र र नेपाल प्रहरी तथा सम्बन्धित भन्सार विभागको सहयोग जरुरी रहेको बताए। पछिल्लो समयमा एक हजार अनुगमनमा यसरी प्रणाली छली गरी मालसामान ढुवानी गर्नेलाई रु ५ करोड बढी जरिवानासमेत लगाइसकिएको छ। विभाग तथा जिल्लास्थित कार्यालयबाट विभिन्न टोली बनाइ चौबीसै घण्टा छड्के अनुगमनको लागि विभिन्न स्थानमा टोलीसमेत खटाइएको मैनालीले जानकारी दिए।

अहिलेसम्म सूचना प्रणाली प्रयोग गर्ने एक लाख १२ हजार पुगिसकेका छन्। उक्त प्रणालीमार्फत ४० खर्ब ११ अर्ब बराबरको मालवस्तु सूचना प्रणालीमा प्रविष्ट गराइ ओसारपसार भइसकेको छ। यसले राजस्व वृद्धिमा सहयोग पुऱ्याएको विभागको भनाइ छ।

# १० लाख नगदसहित दुईजना महिला पक्राउ

प्रस, सप्तरी, ११ फागुन/

१० लाख रुपैयाँसहित सप्तरीबाट मङ्गलवार दुईजना महिला पक्राउ परेका छन्।

पक्राउ पर्ने सप्तरीको छिन्नमस्ता गाउँपालिका–५ बस्ने ३८ वर्षीया कविता दास र २२ वर्षीया रिङ्कु दास हुन्।

जिल्लाको सशस्त्र बिओपी तिलाठीको गस्ती टोलीले मङ्गलवार दिउँसो चेकजाँच गर्ने क्रममा महिलाहरूबाट स्रोत नखुलेको १० लाख रुपैयाँ बरामद भएकोले रकमसहित उनीहरूलाई नियन्त्रणमा लिएको सप्तरीका सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी गराएका छन्। बरामद रकमसहित दुवैजनालाई भन्सार कार्यालयको जिम्मा लगाइएको प्रउ श्रेष्ठले बताए। भारतबाट नेपालतर्फ ल्याइरहेको उक्त रकम हुन्डी कारोबारीको हुन सक्ने प्रहरीको अनुमान छ। कारोबारीहरूले पछिल्लो समय रकम ओसारपोसारमा महिलाको प्रयोग गरिरहेको प्रहरीको दाबी छ।

# चाँदीसहित एकजना पक्राउ

प्रस, सप्तरी, ११ फागुन/

भारतबाट अवैधरूपमा चाँदी नेपाल भित्र्याइरहेको अवस्थामा एकजना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा भारतको बिहार, मधुवनी जिल्लाको भरपुरी घर बताउने २६ वर्षीय जोसिम आलम छन्।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं १ बेल्हीबाट १ किलो ३९ ग्राम चाँदीसहित आलमलाई नियन्त्रणमा लिएको हो। बरामद चाँदीसहित पक्राउ परेका व्यक्ति आलमलाई राजविराज भन्सार कार्यालयको जिम्मा लगाइएको सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए।

# नेपाली घ्यू जापानमा लोकप्रिय

वाग्मती, ११ फागुन/रासस

सरकारको स्वामित्वमा सञ्चालित हेटौंडा दुग्ध वितरण आयोजनाद्वारा उत्पादित घ्यू जापानमा निर्यात हुन थालेपछि मागसमेत बढेको छ।

आयोजनाका प्रमुख नरेश जोशी अनुसार गत वैशाखदेखि माघ महीनासम्ममा ५१ हजार लिटर घ्यू निर्यात भएको थियो। उनले जापानमा नेपाली घ्यूको माग बढ्दै गएको र एकपटकमा सात/आठ हजार लिटर घ्यू निर्यात हुने गरेको छ। अहिलेसम्म सातपटक घ्यू निर्यात भइसकेको छ। आयोजनाले दैनिक ५०० लिटर घ्यू उत्पादन हुने गरेको बताएको छ।

हेटौंडा औद्योगिक क्षेत्रमा ३८ रोपनी जमीनमा विसं २०३० को वैशाखमा डेनिस सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा दुग्ध विकास संस्थान अन्तर्गत आयोजना स्थापना भएको थियो। आयोजनाबाट दैनिक २५ हजार लिटर दुग्ध मकवानपुर, बारा, पर्सा, सर्लाही र रौतहट जिल्लामा सङ्कलन भइरहेको छ।

तीमध्ये प्रशोधित ६ हजार ५०० लिटर दुग्ध र १५ सय लिटर दही दैनिक बिक्री वितरण हुने गरेको आयोजनाले जनाएको छ। आयोजनाले दैनिक ६ हजार कृषक घरपरिवारबाट दुग्ध खरीद गरी उनीहरूलाई मासिक रु तीन करोडदेखि पाँच करोडसम्म भुक्तानी गर्दै आएको छ। बेमौसममा रु तीन करोड र अन्य मौसममा रु पाँच करोड भुक्तानी भएको छ। आयोजनाको प्रशोधित क्षमता प्रतिघण्टा तीन हजार लिटर दुग्ध रहेको छ। यसका साथै दही, पनीर, घ्यू, मख्खन पेँडसमिल्क, लालमोहन, रसबरी, आइसक्रिम, प्रशोधित क्रिम, पेडा र खुवालगायतका दुग्ध पदार्थ उत्पादन गरी बिक्री वितरण भइरहेको बताइएको छ।

उत्पादित उपरोक्त दुग्ध पदार्थ वीरगंज, नारायणघाट र हेटौंडाको शहरी तथा ग्रामीण बजार क्षेत्रमा बिक्री हुने गरेको र थप बजार क्षेत्र बढ्दै गएको आयोजनाले जनाएको छ। आयोजना अन्तर्गत सात चिस्यान केन्द्र क्रमशः चन्द्रनिगाहपुर, गरुडा, नवलपुर, बरहथवा, हरैया, बसवरिया र सिम्रौनगढमा रहेको छ। मकवानपुरलगायत अन्य जिल्लाका दुग्ध उत्पादक सहकारी संस्थाबाट समेत दुग्ध सङ्कलन हुने गरेको आयोजनाका अधिकृत ठाकुरदास श्रेष्ठले भने, "आयोजनाले आवश्यकता अनुसारको दूध खपत गरी बढी भएको दूध बालाजुलगायत अन्य आयोजनामा पठाउने गरेको छ।"

आयोजनाको ६० हजार लिटर दूध भण्डारण क्षमता रहेको छ। दही तीन हजार लिटर, घ्यू, मख्खन, पनीर उत्पादन क्षमता प्रतिदिन ५०० किलो, प्रेसमिल्क एक हजार ५०० बोतल प्रतिसिफ्ट, पेडा ३६० प्याकेट प्रतिदिन र लालमोहन ९०० प्याकेट प्रतिदिन उत्पादन हुने गरेको उनले जानकारी दिए। बिक्री वितरण क्षेत्रमा तीन वितरक, २८ डिलर र १९७ बिक्री बुथमार्फत बिक्री भइरहेको छ। लकडाउनमा पनि आयोजनाले आफ्नो सेवालाई निरन्तरता दिएको थियो।



**बराह ताल** : म्याग्दीको मालिका गाउँपालिका–१ निस्कोटमा अवस्थित बराह तालमा देखिएको धौलागिरि हिमालको छायाँ। पछिल्लो समय यस क्षेत्रमा आन्तरिक पर्यटक आकर्षित हुन थालेका छन्। तस्वीरः रासस

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**बीस औषधिमाथि विहङ्गम दृष्टि**

विगत अध्यायमा एकाकी प्रयोगका बीसवटा औषधिको एउटा संक्षिप्त विवेचन प्रस्तुत गरिएको थियो। १० रोग–संस्थान वर्गको लागि यसको एकाकी प्रयोगका विभिन्न अनुपानको साथ लिनुपर्ने विधान वैज्ञानिक हवालाको साथ प्रस्तुत गरिएको छ। कुनै अनिवार्य छैन कि यी बीस औषधि मात्र यी रोगको लागि प्रयुक्त हुन्छन्। यसको अन्यान्य प्रयोग पनि छ। तर आफ्नो सुविधाको दृष्टिले त्यसको श्रेष्ठतम प्रभावलाई दृष्टिगत राखेर यो विभाजन गरिएको हो। यसको अतिरिक्त पनि ती रोगमा प्रयुक्त हुने औषधि हुन सक्छ। क्रमशः विकास क्रममा अघिल्लो संस्करणमा दुई–दुई औषधि हरेक समूहमा प्रतिवर्ष जोडिन्छ।

प्रयोगकर्ताले ध्यानमा राख्नुपर्छ कि यथासम्भव ताजा औषधि मात्र प्रयुक्त हुन्छ अथवा चूर्ण। योगहरूको जञ्जालमा पर्नुहुँदैन। जनसामान्यमा लोकप्रिय बनाउनको लागि यी सूक्ष्मीकृत चूर्णरूपलाई नै दिने व्यवस्था बनाइएको छ। कहींकतै त्यसको अन्य स्वरूप पनि वर्णन गरिएको छ यथा–क्षार, घृत स्वरस, क्वाथ, घनसत्व हो। त्यो पनि प्राकृतिक स्वरूपमा मात्र। विधि निकै सरल छ। अतः चूर्णको अतिरिक्त जहाँ सम्भव र अनिवार्य हुन्छ, यी स्वरूपलाई पनि प्रयोग गर्नुपर्छ। शान्तिकुञ्जबाट त मात्र चूर्ण उपलब्ध गराउने व्यवस्था गरिएको छ। आगामी दिनमा नर्सरी लागेपछि त सबैलाई पौद पनि दिने तयारी भइरहेको छ। यी औषधिका कुन–कुन अङ्ग प्रयुक्त हुन्छन्, त्यसलाई सङ्क्षेपमा पुनः एकपटक दोहोऱ्याउनु उचित हुनेछ।

**जीवेम शरदः शतम्**

**प्रयोगकर्ताले ध्यानमा राख्नुपर्छ कि यथासम्भव ताजा औषधि मात्र प्रयुक्त हुन्छ अथवा चूर्ण। योगहरूको जञ्जालमा पर्नुहुँदैन। जनसामान्यमा लोकप्रिय बनाउनको लागि यी सूक्ष्मीकृत चूर्णरूपलाई नै दिने व्यवस्था बनाइएको छ।**

मुलहठी (मूलस्तम्भ), अमला (पाकेको फल), विल्व (फलको मज्जा, पत्र मूल एवं बोक्रा) हरीतकी (छोटो हरड–फड) अडूसा (पत्र, पुष्प, मूलतत्त्व, पञ्चाङ्ग) भारगी (मूल), पुनर्नवा श्वेत (पञ्चाङ्ग), अर्जुन (डाँठको बोक्रा), ब्राह्मी (पञ्चाङ्ग), शङ्खपुष्पी (पञ्चाङ्ग), निर्गुण्डी (पत्र, मूल एवं बीउ), सौंठ (भौमिक काण्ड), नीम (काण्ड एवं मूलको बोक्रा, कौपल, पुष्प, बीउ, गोंद, नीरा) सारिवा (मूल), चिरायता (पञ्चाङ्ग एवं पुष्प) गिलोय (काण्ड तथा पात) अशोक (त्वक्, बीउ पुष्प), गोक्षुर (फल, पञ्चाङ्ग एवं मूल), शतावर (मूल कन्द), असगन्ध (मूल, पत्र)।

यी विवेचनपछि 'तुलसीलाई सबै रोगको एउटा औषधिको रूपमा' तथा पाँचवटा स्थानीय रोगको उपचार गर्ने औषधिको वर्णन गरिनेछ।

## संविधान मर्मविपरीत......

विकल्प हुँदाहुँदै कसैको इच्छा वा आत्मनिष्ठहरूमा देखेको आवश्यकताका आधारमा आवधिक चुनावबाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधिसभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधानसम्मत हुँदैन।"

फैसलाको आधार नम्बर ३ मा प्रतिनिधिसभा विघटन गर्नु संविधानअनुकूल वा छैन भन्ने विषयलाई केन्द्रित भएर व्याख्या गरिएको छ। नेपालको संविधानको धारा ७६ को उपधारा (१), (२), (३) र (५) लाई दृष्टिगत गर्दा प्रतिनिधिसभा निर्वाचनको परिणाम घोषणापछि प्रधानमन्त्री नियुक्ति सम्बन्धमा पहिलो चरणमा बहुमतप्राप्त संसदीय दलको नेता स्वतः नै राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्ति हुने सम्बन्धमा द्विविधा नदेखिएको फैसलामा छ।

"सरकार बनाउने प्रतिबद्धताका साथ चुनावमा भाग लिई जनप्रतिनिधिको रूपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरूको दलले संसद्मा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमतप्राप्त संसदीय दलको नेतासँग सरकार बनाउने र राज्य सञ्चालन गर्नेबाहेक अन्य कुनै पनि संवैधानिक विकल्प नै रहँदैन," फैसलामा भनिएको छ।

संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधिसभा विघटन धारा ५८ को अवशिष्ट अधिकारका सन्दर्भमा प्रयोग हुने व्यवस्था नभएको फैसलामा लेखिएको छ। फैसलामा भनिएको छ, "प्रतिनिधिसभा विघटनको सिफारिशलाई संवैधानिक रहेको भनी पुष्टि गर्ने संविधानसम्मत आधार नदेखिएको र बहुमतप्राप्त नेताको हैसियतमा रहेको प्रधानमन्त्रीलाई धारा ७६ उपधारा (७) आकर्षित हुने अवस्था नरहेको हुँदा विघटन गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन।"

फैसलाको आधार नम्बर ४ मा प्रतिनिधिसभा विघटनको सिफारिश दुराशययुक्त छ कि छैन भन्ने विषयलाई आधार बनाइएको छ। राजनीतिक दलको आन्तरिक विवादका कारण प्रतिनिधिसभा विघटन गरिएको हुँदाले त्यस विषयमा प्रवेश गर्नु उपयुक्त नदेखिएको फैसलामा छ।

फैसलाको आधार नम्बर ५ मा रिट निवेदकको माग अनुसार प्रतिनिधिसभा विघटनविरुद्धको रिट निवेदन बदर गर्नुपर्ने हो वा होइन भन्ने विषयलाई हेरिएको छ। उक्त विषयमा प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्तिसमेतका तत्सम्बन्धी सम्पूर्ण कामकारबाही असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर भएको फैसलामा छ।

सङ्घीय संसद्को प्रतिनिधिसभाको विघटनका लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकको अभ्यासबमोजिम विघटन असंवैधानिक भएको उल्लेख छ।

"उपर्युक्त बमोजिम जारी गरिएको आदेशको परिणामस्वरूप सङ्घीय संसद्को प्रतिनिधिसभा उक्त असंवैधानिक विघटनभन्दा पहिलाकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमैं काम गर्न सक्षम र समर्थ रहेको छ," फैसलामा भनिएको छ, "प्रतिनिधिसभाको छैटौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्यरूपमा ६ (छ) महीनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपर्युक्तबमोजिम प्रतिनिधिसभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतीत भए तापनि यस्तो विघटनको परिणामस्वरूप बैठक बस्ने मितिसमेत स्वतः परिवर्तन भएको मानी यो आदेश जारी भएको मितिले १३ दिनभित्र प्रतिनिधिसभाको अधिवेशन बोलाइ बैठकको लागि आवश्यक व्यवस्था गर्नु, गराउनु।"

रिट निवेदक, सरकारी पक्ष, प्रधानमन्त्री र सभामुखका तर्फका वकिल तथा एमिकस क्युरीको लामो बहस र छलफल यही फागुन ७ गतेसम्म चलेर आजका लागि हेदहिदैमा राखिएको थियो। आज साँझ अदालतले उक्त फैसला सुनाएको हो।

गत माघ ४ गतेदेखि संवैधानिक इजलासमैं विषयकेन्द्रित बहस शुरू भएको थियो। गत पुस ११ गतेदेखि अदालतको संवैधानिक इजलासमा सुनुवाइ शुरू भई क्षेत्राधिकार विवादमा बहस भएपछि संवैधानिक इजलासमैं सुनुवाइ गरिने भनी गत माघ २ गते आदेश भएको थियो। उक्त विवादमा संवैधानिक इजलास वा बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्ने भनेर गत पुस २२, २९ गते हुँदै माघ २ गते संवैधानिक इजलासमैं सुनुवाइ गर्ने तय भएको हो। रिट निवेदक १३ मध्ये ११ जनाले उक्त विषय बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्नुपर्ने माग गर्दै पूरक निवेदन दिएकाले क्षेत्राधिकारका विषयमा लामै बहस र छलफल भएको थियो।

गत १० पुस गते संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको थियो। आदेश अनुसार राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सभामुखबाट पुस १९ गते महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेश गरिएको थियो।

अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी सिफारिश र निर्णयको सक्कल प्रति राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट झिकाउने तथा प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिस्ट्रारसमेतका कागजात सङ्घीय सचिवालयबाट झिकाउने आदेश जारी गरेको थियो। अदालतका निष्पक्ष सहयोगीमा वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, सतिशकृष्ण खरेल, विजयकान्त मैनाली, पूर्णमान शाक्य र गीता पाठक रहेका थिए।

प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाइ विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशि श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गरेका थिए। रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको थियो।

त्यस्तै, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता सालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर ओली, कमलबहादुर खत्री, मणिराम उपाध्याय, तुलसी सिम्खडा र अच्युतप्रसाद खरेलले निवेदन दायर गरेका थिए।

### मुलुकभरको सुरक्षामा उच्च सतर्कता

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापनाको फैसला गरेसँगै नेपाल प्रहरीले मुलुकभरको सुरक्षा व्यवस्थामा उच्च सतर्कता अपनाएको छ। हुन सक्ने सम्भावित घटनालाई विचार गर्दै उच्च सतर्कता अपनाइएको नेपाल प्रहरीका प्रवक्ता वसन्तबहादुर कुँवरले जानकारी दिए।

भीडभाड तथा जुलूस निस्कन सक्ने क्षेत्रमा आवश्यक मात्रामा सुरक्षाकर्मी बढाइएको र शान्ति सुरक्षा कायम गर्न प्रहरीले विशेष ध्यान दिएको कुँवरले बताए। "अहिलेको अवस्थामा सुरक्षा स्थिति सामान्य छ, जे पनि हुन सक्छ भन्ने कुरालाई ध्यानमा राखेर उच्च सतर्कता अपनाइएको छ," उनले भने, "संवेदनशील क्षेत्रमा निगरानीसमेत बढाइएको छ।"

नेपाल प्रहरी र सशस्त्र प्रहरीले सर्वोच्चको फैसला आउन सक्ने परिस्थितिलाई ध्यानमा राख्दै यसअघि आवश्यक तयारी गरेको थियो। सुरक्षा निकायले संसद पुनर्स्थापना हुँदा र नहुँदाका लागि भनेर छुट्टाछुट्टै सुरक्षा योजना तयार पारेको स्रोतले बताएको छ। आज फैसला भएसँगै त्यसलाई समन्वयात्मकरूपमा सुरक्षा व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ।

## प्रतिनिधिसभा बहाल भएकोमा सिम्रौनगढमा दिवाली

प्रस, सिम्रौनगढ, ११ फागुन/

प्रतिनिधिसभा बहाल भएकोमा बाराको सिम्रौनगढमा दीपावली गरिएको छ।

दीपावली नेकपा (प्रचण्ड–माधव) समूहद्वारा गरिएको थियो। सो अवसरमा आयोजित कोणसभामा प्रमुख अतिथि डा गोपाल ठाकुर, श्यामकिशोर यादव, इस्लाम अन्सारी, देवशरण साह, भोजेन्द्र यादव, गगनदेव कुशवाहाले अआफ्नो विचार राखेका थिए।



## फरक समाचार

### भारतमा गधामाथि आपत् आइलाग्यो

भारत, आन्ध्रप्रदेशमा गधामाथि आपत् आइलागेको छ। आन्ध्रप्रदेशका केही ठाउँमा मांसाहारीहरूलाई अब गधाको मासु मीठो लाग्दैछ र यसको असर गधाको जनसङ्ख्यामाथि पर्दैछ। अहिले आन्ध्रप्रदेशमा गधाको जनसङ्ख्या मात्र ५ हजार बचेको छ।




आन्ध्रप्रदेशको गोदावरी, कृष्णा, प्रकाशम् र गुन्टुरमा गधाको मासु बिक्री भइरहेको छ। फुड सेफ्टी स्टैन्डर्ड्स् २०११ अनुसार मासुको लागि गधालाई मार्न प्रतिबन्ध छ। तर गधाको मासु रुचाउनेहरूका अनुसार यसले ताकत मात्र बढाउँदैन, बरु पौरुषत्व पनि बढाउँछ अर्थात् यौनशक्तिमा पनि बढोत्तरी हुन्छ।

यहाँ एउटा गधाको मूल्य भारु १० देखि १५ हजार पर्छ। व्यापारीले गधालाई अवैध तरीकाले ट्रकमा लादेर अन्य ठाउँमा लैजान्छन्। सेप्टेम्बर २०१३ मा मुम्बई प्रहरीले आठवटा गधालाई तस्करबाट मुक्त गराएको थियो। गधाको मासु खानेहरूले यसबाट सन्तान जन्माउने क्षमता बढ्ने बताएका छन्। प्रकाशम्, गुन्टुर, कृष्णा र वेस्ट गोदावरी जिल्लामा अवैध तरीकाले गधालाई मारिन्छ। भारतमा गधाको जनसङ्ख्या १ लाख २० हजार मात्र छ। गधाको मासु किन्नेहरूले लामो दूरी यात्रा गर्नुपर्ने र मूल्य पनि बढी तिर्नुपर्ने बताएका छन्।

### दुर्लभ फूल: दुई घण्टा फुलेपछि ओइलायो

ब्रिटेनमा पहिलोपटक दुर्लभ मूनफ्लावर फुलेको छ। यसलाई अमेजोनियन कैक्टस भनिन्छ। राति फुल्ने गरेको कारण यसलाई मूनफ्लवार पनि भनिन्छ। क्याम्ब्रिज युनिभर्सिटीमा बोटेनिक गार्डेनका विज्ञले यस फूल फुलेको प्रक्रियालाई रेकर्ड गरेका छन्।




विज्ञका अनुसार यस बिरुवाको वैज्ञानिक नाम सेलेनिसेरस विट्टी हो। यो सूर्यास्तपछि फुल्न शुरू हुन्छ र सूर्योदयसम्म पूर्णरूपमा फुल्छ। ब्रिटेनमा यो शनिवार दिउँसोपछि फुल्न थाल्यो। यसको लम्बाइ २८ सेन्टिमिटर थियो।

फूल फुलेपछि एक विशेष प्रकारको सुगन्ध आउँछ। यो सुगन्ध केवल दुई घण्टासम्म रहन्छ। किनभने फूल फुलेको दुई घण्टापछि ओइलाउन थाल्छ। यो फूल विशेषगरी वर्षावनमा पाइन्छ।

मूनफ्लावर हाँगाको किनारामा बेरिएर बढ्छ। संसारभरि मात्र १३ बोटेनिक गार्डेनमा यो बिरुवा छ। ब्रिटेनमा बोटेनिक गार्डेनका सुपरभाइजर एलेक्स समर्स भन्छन्, यो फूल फुलेको देखेपछि खुशी भएँ। यो दुर्लभ बिरुवा हाम्रो सङ्ग्रह हो। ब्रिटेनमा यस्तो पहिलोपटक भयो। नोभेम्बरमा मैले हाँगाको वरपर एउटा लतजस्तो संरचना निस्किएको देखें। यो लता १२ फिट उचाइसम्म माथि बढेको थियो।

### मृत व्यक्तिको मुटु प्रत्यारोपण गर्न सकिने

ब्रिटेनका चिकित्सकले पहिलोपटक एउटा विशेष किसिमको मेशिनको प्रयोग गरेर मृत घोषित भइसकेका व्यक्तिको मुटुलाई जीवित व्यक्तिमा प्रत्यारोपण गरेका छन्। अहिलेसम्म ६ जना बच्चामा यस्तो मुटु प्रत्यारोपण भइसकेको छ। ती सबै बच्चा पूर्णरूपले स्वस्थ छन्। यसभन्दा पहिले केवल त्यही व्यक्तिको मुटु प्रत्यारोपण हुन्थ्यो, जसको ब्रेन डेड घोषित हुन्थ्यो।



ब्रिटेनको नेशनल हेल्थ सर्भिस (एनएचएस)का चिकित्सकले मुटु प्रत्यारोपण प्रविधिलाई एक कदम अगाडि बढाएका छन्। केम्ब्रिजशायरको रोयल पेपवर्थ अस्पतालका चिकित्सकले अर्गन केयर मेशिनको माध्यमबाट मृत व्यक्तिको मुटुलाई जीवित गरी ६ जना बच्चाको शरीरमा ढुकढुकी उत्पन्न गरेका थिए।

यो उपलब्धि हासिल गर्ने यो टीम संसारको पहिलो टीम बनेको छ। एनएचएसका अर्गन डोनेशन एन्ड ट्रान्सप्लान्टेशन विभागका निर्देशक डा जोन फोर्सिथले भने– हाम्रो यो प्रविधि ब्रिटेनमा मात्र होइन, पूरै दुनियाँमा कोसेढुङ्गा साबित हुनेछ।

यस प्रविधिबाट १२ देखि १६ वर्षका बालबालिकाले नयाँ जीवनदान पाएका छन्, जुन पछिल्लो दुई–तीन वर्षदेखि अङ्गदानको रूपमा मुटु पाउने प्रतीक्षा गरिरहेका थिए। अर्थात् मानिसले अब मरणोपरान्त पनि मुटु दान गर्न सक्छ। र मुटु प्रत्यारोपणको लागि लामो समयसम्म प्रतीक्षा गर्नुपर्दैन।

एनएचएसका चिकित्सकले अर्गन केयर सिस्टम मेशिन बनाएका छन्। मृत्युको पुष्टि भएपछि दाताको मुटुलाई तुरुन्तै निकालेर यस मेशिनमा राखेर १२ घण्टासम्म जाँच गरिन्छ र त्यसपछि प्रत्यारोपण गरिन्छ। दाताबाट पाइएको मुटुलाई जुन रोगीको शरीरमा लगाउनु छ, उसको शरीरको आवश्यकता अनुसार आक्सिजन, पोषक तत्त्व र उसको समूहको रगत यस मेशिनमा राखेर मुटुमा २४ घण्टासम्म प्रवाहित गरिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## उत्तराखण्डमा पाँच प्रदेशबाट आउनेलाई अनिवार्य कोरोना परीक्षण

देहरादुन, ११ फागुन/एएनआई

भारतको उत्तराखण्ड प्रदेशमा अन्य पाँच प्रदेशबाट आउने व्यक्तिलाई कोरोना भाइरस परीक्षण अनिवार्य गरिएको छ।

अधिकारीका अनुसार महाराष्ट्र, गुजरात, कर्नाटक, मध्य प्रदेश र छत्तीसगढ प्रदेशबाट आउनेलाई परीक्षण अनिवार्य गरिएको हो।

कोरोना भाइरसको महामारीबाट अत्यन्त प्रभावित भएकाले ती प्रदेशबाट आएकालाई परीक्षण अनिवार्य गरिएको अधिकारीले जनाएका छन्।

"उल्लिखित प्रदेशमा कोरोना भाइरसको महामारी अझै न्यून भएको छैन, त्यसैले तीमध्ये जुन प्रदेशबाट आए पनि उनीहरूलाई कोरोना परीक्षण गराउन निर्देशन छ," निर्देशनमा उल्लेख गरिएको छ।

विभिन्न प्रदेशमा कोरोना भाइरसबाट सङ्क्रमित र मृत्यु भएकाको सङ्ख्यामा वृद्धि भएपछि यस्तो व्यवस्था गरिएको हो।

भारतमा मङ्गलवार बिहान थप १० हजार ५८४ जना नयाँ सङ्क्रमित थपिएका छन् भने अरू ७८ जनाको मृत्यु भएको छ। यो सङ्ख्या पछिल्लो २४ घण्टामा भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएकाको कुल सङ्ख्या एक करोड १० लाख १६ हजार ३४३ पुगेको छ। तीमध्ये एक लाख ४७ हजार ३०६ अझै सक्रिय अवस्थामा रहेका छन्।

त्यसैगरी, कोरोनाका कारण भारतमा अहिलेसम्म एक लाख ५६ हजार ४६३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

**अफगानिस्तानमा कोभिड-१९ विरुद्धको खोप अभियान शुरू**

काबुल, ११ फागुन/एएफपी

अफगानिस्तानमा मङ्गलवारदेखि कोभिड-१९ विरुद्धको खोप अभियान शुरू भएको छ।

भारत सरकारले उपलब्ध गराएको कोभिसिल्ड पाँच लाख डोजबाट खोप अभियान शुरू भएको हो। अफगान सरकारका अनुसार उक्त खोप पहिलो चरणमा चिकित्सक, सुरक्षाकर्मी र पत्रकारलाई दिइनेछ।

राष्ट्रपति अशरफ घानीले खोप अभियान शुरू गर्दै पहिलो चरणको खोप अभियान शुरू भएको र यो अफगानी जनताका लागि ठूलो अवसर रहेको बताए।

अफगानिस्तानमा करीब ५५ हजार ६०० व्यक्ति कोरोना सङ्क्रमित भएका र तीमध्ये दुई हजार ४३० जनाको मृत्यु भएको छ। रासस

## फेसबूक र अस्ट्रेलियाली सरकारबीचको विवाद समाधान

सिड्नी, ११ फागुन/एएफपी

प्रविधि क्षेत्रको अग्रणी संस्था



तस्वीरः एएफपी

फेसबूकले अस्ट्रेलियाली समाचार संस्थासँग जारी विवाद समाधान भएको जनाइएको छ।

अस्ट्रेलियाली सञ्चारमाध्यमको दबाबमा सरकारले फेसबूक र गूगलमा अस्ट्रेलियाली सञ्चारमाध्यमका सामग्री प्रकाशन गरे त्यसबापत भुक्तानी गर्नुपर्ने कानून ल्याएपछि विवाद उत्पन्न भएको थियो। फेसबूकले सञ्चारमाध्यमका समाचार र अन्य सामग्री फेसबूकमा प्रकाशन भए त्यसको भुक्तानी नगर्ने बरु सञ्चारमाध्यमका सामग्री नै फेसबूकमा देखिन बन्द गर्ने धम्की दिएको थियो।

अस्ट्रेलिया सरकारले सञ्चारमाध्यम र फेसबूक दुवैलाई मान्य हुने किसिमले कानून संशोधन गर्न राजी भएपछि विवाद समाधान भएको हो।

अस्ट्रेलियाली अर्थमन्त्री जस फ्राइडेन्बर्ग र फेसबूकबीच केही महत्त्वपूर्ण विषयमा सहमति भएको बताइएको छ। फेसबूक अस्ट्रेलियाका व्यवस्थापन निर्देशक विल एस्टोनले जनचासोको पत्रकारिताका क्षेत्रमा थप लगानी गर्न फेसबूक इच्छुक रहेको बताउँदै आगामी दिनमा अस्ट्रेलियाली नागरिकका लागि फेसबूकमा समाचारको पहुँच बढाइने जानकारी दिए।

फेसबूकले अस्ट्रेलियाली सञ्चारमाध्यमबाट प्रवाहित समाचारमा रोक लगाएसँगै अस्ट्रेलियाली जनमानसमा नकारात्मक असर परेको थियो।

अस्ट्रेलियाली प्रधानमन्त्री स्कट मरिसनले फेसबूकको कदमप्रति रोष प्रकट गर्दै कडा आलोचना गरेका थिए। अस्ट्रेलियाको संसद्‌ले यसै साता पारित गर्न लागेको कानूनमा फेसबूक र गूगलले स्थानीय सञ्चारमाध्यमलाई भुक्तानी गरेमा थप दण्डित नगरिने उल्लेख छ।

साथै गूगल र फेसबूकलाई मध्यस्थताका लागि दुई महीनाको समय थप गरिएको छ। दुवै प्रविधि कम्पनीले अस्ट्रेलिया सरकारले अघि बढाएको कानून उपयुक्त नभएको भन्दै आपत्ति जनाएका थिए।

एक अध्ययन अनुसार हाल अस्ट्रेलियाली विज्ञापनदाताले विज्ञापनबापत १०० डलर खर्च गरे गूगलले ४९ डलर र फेसबूकले २४ डलर प्राप्त गर्दछन्। रासस

## पाकिस्तानी प्रम खान श्रीलङ्का प्रस्थान

इस्लामाबाद, ११ फागुन/सिन्ह्वा

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले मङ्गलवारदेखि श्रीलङ्काको भ्रमण शुरू गरेका छन्।

दुई दिने औपचारिक भ्रमणका लागि उनी आज त्यसतर्फ प्रस्थान गरेका हुन्।

पाकिस्तानी प्रधानमन्त्री खान श्रीलङ्काका समकक्षीको निमन्त्रणमा श्रीलङ्काको भ्रमणमा गएका हुन्।

भ्रमण टोलीमा प्रधानमन्त्रीसँगै पाकिस्तानी विदेशमन्त्री शाह मोहम्मद कुरेशी, प्रधानमन्त्रीका वाणिज्य, उद्योग, कर तथा लगानीसम्बन्धी सल्लाहकार अब्दुल रजाक दाउद र प्रधानमन्त्रीका विशेष सहयोगी सयद जुल्फीकार अब्बास बुखारी पनि सहभागी थिए।

प्रधानमन्त्री भएपछि उनले पहिलोपटक श्रीलङ्काको भ्रमण गरेको अधिकारीले जनाएका छन्। उनी सन् २०१८ को अगस्तमा पाकिस्तानको प्रधानमन्त्री भएका हुन्।

खान नेतृत्वको भ्रमण टोलीले व्यापार, लगानी, स्वास्थ्य, शिक्षा, कृषि, विज्ञान तथा प्रविधिलगायतका विषयमा छलफल गर्ने जनाइएको छ। रासस

## हुवावेद्वारा फोल्ड गर्न मिल्ने तेस्रो मोबाइल फोन सार्वजनिक


तस्वीर : एपी

बेइजिङ, ११ फागुन/एपी

अमेरिकी प्रतिबन्धसँग जुझिरहेको चिनियाँ प्रविधि कम्पनी हुवावेले फोल्ड गर्न मिल्ने मोबाइल फोन सोमवार सार्वजनिक गरेको छ।

आठ इन्च (२० सेमी) फराकिलो स्क्रिन भएको यो फोन हाल चिनियाँ बजारमा मात्र बिक्री गरिने कम्पनीले जनाएको छ।

मेट एक्स २ शृङ्खलाको मोबाइल फोन सार्वजनिक गरेको हुवावे टेक्नोलोजिज हाल अमेरिकी प्रोसेसर चिप्स र गूगल सेवाबाट वञ्चित छ। गत वर्ष हुवावे विश्व मोबाइल बजारमा बिक्रीका दृष्टिबाट पहिलो स्थानबाट छैटौं स्थानमा झरेको थियो।

हुवावेको मेट एक्स २ मोबाइल फोन फोल्ड गर्न मिल्ने तेस्रो मोबाइल फोन हो। यस मोबाइल डिभाइसमा राम्रो दृश्य र भिडियो तथा गेमका लागि राम्रो आवाज छ। यस फोनमा हुवावे आफैंले विकास गरेको निकै उन्नत किसिमको किरिन ९००० चिप्सको प्रयोग गरिएको छ।

हुवावेको उपभोक्ता एकाइका अध्यक्ष रिचार्ड यूले एक विज्ञप्ति प्रकाशन गरी पछिल्लो शृङ्खलाको मोबाइल फोनले प्रयोगकर्तालाई विशेष अनुभूति दिलाउन सफल हुने विश्वास व्यक्त गरेका छन्।

यूका अनुसार मेट एक्स २ को मूल्य चिनियाँ बजारमा दुई हजार ७८५ अमेरिकी डलर छ। रासस



११६औं रोटरी फाउन्डेशन दिवसको अवसरमा ३ बोरा चामल, २५ किलो दाल, १० लिटर खानेतेल मानव सेवा आश्रमलाई हस्तान्तरण गर्दै। तस्वीरः सुषमा शर्मा

## खाजाघरमा आगलागी


आगलागीपछि खाजाघरको अवस्था। तस्वीरः प्रतीक

चिरञ्जीवी सापकोटा, ठोरी, ११ फागुन/

ठोरी गाउँपालिका–२ गौतमनगरस्थित नम्रता खाजाघरमा मङ्गलवार बिहान आगलागी भएको छ।

बिहान करीब ३ बजे आगलागी भएको र आगलागीबाट खाजाघरमा रहेका फ्रिज, फर्निचर, खाद्यान्नका साथै अत्यावश्यक कागजातहरू नष्ट भएको खाजाघरका मालिक युवराज नेपालले बताए। उनले आगलागीबाट छोराछोरीको पुस्तक, पोशाक र एसइईको परीक्षाफल तथा नागरिकता र सवारी चालक अनुमतिपत्रलगायत जलेर नष्ट भएको बताए।

एकाबिहानै आगलागी भएपछि स्थानीय र जनपद, सशस्त्र प्रहरीको सहयोगमा आगलागी नियन्त्रणको प्रयास भएको थियो।

खाजाघर सञ्चालक नेपालले प्रारम्भिक अनुमानमा रु ११ लाखको क्षति भएको बताए। आगलागीको कारण पत्ता नलागेको इलाका प्रहरी कार्यालय, ठोरीले जनाएको छ।

खाजाघरमा भएको आगलागीबाट सोसँगै रहेका दुईवटा घुम्तीपसललाई पनि क्षति पुगेको छ।

## प्रतीककर्मी शुक्लालाई धम्की

प्रस, बिरुवागुठी, ११ फागुन/

पर्सागढी नगरपालिका–३ बडनिहार निवासी प्रतीककर्मी बलिराम शुक्लालाई स्थानीय केही व्यक्तिले धम्क्याएका छन्।

नदीजन्य पदार्थको उत्खननमा भएको अनियमितताको समाचारलाई लिएर पत्रकार शुक्लालाई वडा नं २ बागवन्नाका बिगा चौधरी, विजय चौधरीलगायत ६/७ जनाले धम्की दिएका हुन्।

पत्रकार शुक्ला घरमा नभएको बेला उनीहरू घरमा पुगेर परिवारका सदस्यहरूलाई धम्की दिएका थिए। घटनाबारे थाहा पाएर स्थानीय प्रहरी चौकीबाट प्रहरी खटेपछि चौधरीद्वयसहित व्यक्तिहरू भागेको प्रहरीले जनाएको छ। पत्रकार शुक्लाले गिट्टी, बालुवा तस्करीको समाचार लेखेको भनी घरपरिवारका सदस्यहरूलाई गालीगलौज गरी धम्की दिएको बताएका छन्। उनले सोविरुद्ध प्रहरी चौकी बिरुवागुठीमा उजूरी गरेको बताए।

## बालक अपहरणको अभियोगमा काका पक्राउ

प्रस, सिराहा, ११ फागुन/

बालक अपहरणको अभियोगमा बालकको आफ्नै काकासहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय सिराहाले मङ्गलवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।

प्रहरीले बालक अपहरणमा संलग्न बालकका काका कुलदीप यादवसहित दुईजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। सिराहा नगरपालिका–१ डुम्वाखत्ताका प्रदीप यादवका दुई वर्षीय छोरा प्रियांशु यादवको अपहरणमा संलग्न रहेको अभियोगमा प्रहरीले बालकका आफ्नै काका कुलदीप यादव र सिराहा नपा वडा नं १५ सुखचैनाका २३ वर्षीय भरोसी यादवलाई पक्राउ गरेको हो।

बालक प्रियांशुका काका कुलदीप यादवको योजना अनुसार बालक अपहरण भएको अनुसन्धानबाट खुलेको सिराहाका प्रहरी उपरीक्षक सुदीपराज भण्डारीले जानकारी गराए।

कल ट्रेसिङ र अन्य अनुसन्धानको आधारमा प्रहरीले अपराधी पक्राउ गर्न सफल भएको उनले जानकारी दिए।

बितेको माघ २० गते घरबाटै अपहरित बालकको नेपाल प्रहरीले भारतीय सीमावर्ती सुरक्षा अधिकारीहरूसँग समन्वय गरी भारत बिहार प्रदेशको मधुवनी जिल्ला खाजेडीबाट माघ २३ गते सकुशल उद्धार गरेको थियो।

पक्राउ परेकाहरूलाई जिल्ला अदालत सिराहाबाट अपहरण तथा शरीर बन्धक मुद्दामा ७ दिनको म्याद थप गरी अनुसन्धान जारी छ।

## ट्रकमा बस ठोक्किंदा १३ जना घाइते

प्रस, सिराहा, ११ माघ/

सिराहाको कर्जन्हा नगरपालिका–४ बस्तीपुरमा बस दुर्घटना हुँदा १३ जना घाइते भएका छन्। घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर छ।

बिग्रिएर सडकमा रोकिराखेको ना.६ख १११० नम्बरको ट्रकमा लहानबाट ढल्केबरतर्फ आउँदै गरेको ना.५ख ८९८ नम्बरको काठमाडौं–सिराहा चल्ने बस सोमवार राति पौने १२ बजे ठोक्किएर दुर्घटना भएको हो।

घाइतेहरूको फूलकुमारी महतो मेमोरियल अस्पताल कर्जन्हामा उपचार भइरहेको छ। ट्रक चालक फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## झा दम्पती सुतेकै स्थानबाट बेपत्ता

प्रस, महोत्तरी, ११ फागुन/

महोत्तरीको पिपरा गाउँपालिका वडा नं ५ सहोडवा निवासी एक दम्पती सोमवार रातिदेखि बेपत्ता छन्। ६५ वर्षीय मोसाफिर झा र उनकी पत्नी ६० वर्षीया गीतादेवी राति सुतेकै ठाउँबाट बेपत्ता भएका हुन्।

मङ्गलवार बिहान झा दम्पती नउठेपछि उनकी बुहारीले कोठामा गएर हेर्दा उनीहरू सुतेको ठाउँमा रगत भेटिएको बताएकी छन्। झा दम्पती छुट्टाछुट्टै कोठामा सुत्ने गरेका थिए। उनको घरमा एक बुहारी र ससाना नातिनातिना छन्।

बिहानै उठ्दा सासू–ससुरालाई ओछ्यानमा नदेखेपछि बुहारीले स्थानीयलाई खबर गरेकी थिइन्। झा मालपोत कार्यालयका अवकाशप्राप्त कर्मचारी हुन्। उनी सोही स्थानका एक मोहीसम्बन्धी जग्गा विवादको मुद्दामा साक्षी बसेका थिए। मुद्दा अदालतमा विचाराधीन रहेको बेला मुद्दाका विपक्षीसँग उनको विवाद भएको टोलछिमेकका बासिन्दाले जानकारी दिएका छन्।

घटना शङ्कास्पद देखिएकोले खोजी कार्यमा तीव्रता दिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक टीकाबहादुर केसीले बताएका छन्।

"घटना शङ्कास्पद देखिएकोले गहन अनुसन्धान गरिरहेका छौं। घटनाको सूक्ष्म अनुसन्धानका लागि प्रदेश प्रहरी कार्यालयबाट विशेष तालीमप्राप्त कुकुर पनि परिचालन गरिरहेका छौं," प्रउ केसीले भने। झा दम्पती बेपत्ता भएपछि उनीहरूलाई पत्ता लगाउन माग गर्दै स्थानीयले जनकपुर–जलेश्वर सडकखण्ड अवरुद्ध गरेका थिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – वाहनकष्ट | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – शत्रुपराजय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पोखरिया नपाको लापरवाहीले गर्दा पुस्तकालय बन्द

प्रस, वीरगंज, ११ फागुन/

पोखरिया सामुदायिक पुस्तकालय सञ्चालनको जिम्मा लिएको पोखरिया नगरपालिकाले लापरवाही गर्दा पुस्तकालय बन्द भएको छ।

रिड नेपालको आर्थिक सहयोगमा पोखरियामा सञ्चालित सामुदायिक पुस्तकालय स्तरोन्नति गर्ने प्रतिबद्धताका साथ नगरपालिकाले सम्झौता गरेर २०७६ मङ्सिर १५ गते आफ्नो जिम्मामा लिएको थियो तर नगरपालिकाले जिम्मा लिएको पाँच महीनापछि पुस्तकालय बन्द भएको थियो र त्यहाँ नगरपालिकाका विभिन्न शाखा सञ्चालनमा रहेका छन्।

पुस्तकालय सञ्चालन हुँदा भएका सामानहरू जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक आधारभूत नमूना विद्यालय पोखरियाको एउटा कोठामा थन्काइएको छ।

करीब रु ५५ लाखको सामुदायिक पुस्तकालयका यान्त्रिक तथा पुस्तक, फर्निचरहरू विद्यालयको कोठामा थन्काइएको कारण बिस्तारै काम नलाग्ने अवस्थामा पुगेको पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष भरत गिरीले बताए। उनले नगरपालिकाले समुदायिक पुस्तकालयको स्तरोन्नति गर्ने प्रतिबद्धताका साथ सम्झौता गरेकोमा पुस्तकालय बन्द गरेर सो ठाउँमा नगरपालिकाको स्वास्थ्य पञ्जीकरण, रोजगार, प्रशासन, आर्थिक शाखा सञ्चालन गरेको बताए।



तस्वीरः प्रतीक

विद्यालयका प्रअ व्यास महतोले एक हप्ताको लागि कक्षा कोठामा सामुदायिक पुस्तकालयका सामानहरू राखिएकोमा अहिले आठ महीना बितिसक्दा पनि कक्षा कोठा खाली नगरिएको बताए। उनले कक्षा कोठा खाली नगर्दा विद्यार्थीहरूको पठनपाठनमा समस्या भएको बताए।

# रेलमार्ग सरोकार समितिद्वारा प्रजिअलाई ज्ञापन

प्रस, निजगढ, ११ फागुन/

रेलमार्ग पीडित सरोकार समिति निजगढले मङ्गलवार बाराका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाललाई उनकै कार्यकक्षमा ज्ञापनपत्र बुझाएको छ।


तस्विर : प्रतीक

मेची–महाकाली रेलमार्गको डिपिआर तयार गर्न निजगढ–हेटौंडा–भरतपुर खण्डको सर्भे गर्ने क्रममा निजगढ नगरपालिका क्षेत्रभित्र घना मानवबस्ती, धार्मिक तथा ऐतिहासिक स्थल र उद्योगसहित खेतीयोग्य उर्वरभूमिसमेत विनाश हुने गरी रेलमार्गको सर्भे गरिएपछि यस क्षेत्रका बासिन्दामा चिन्ता, चासो र सरोकार बढेपछि स्थानीयहरूको भेलाले दुई साताअघि रेलमार्ग पीडित सरोकार समिति गठन गरेको थियो।

रेल विभागले हाल गरिरहेको सर्भे अनुसार रेलमार्ग निर्माण हुने हो भने निजगढको पहिचान नै गुम्ने अवस्था उत्पन्न हुने देखिएकोले निजगढवासीले यसअघि हुँदै गरेको सर्भे कार्यलाई अवरोध गरेको ज्ञापनपत्रमा भनिएको छ। यसअघि निजगढ नगरपालिकाको समन्वयमा नगरपालिकाको सभाहलमा प्रभावित क्षेत्रका सरोकारवाला स्थानीयवासी, जनप्रतिनिधि, रेल विभागका सिनियर डिभिजनल इन्जिनीयरसहितको प्राविधिक टोली, कर्मचारी र परामर्शदाताबीच भएको छलफलमा विभिन्न विकल्पमाथि छलफल गरी निजगढ नगर क्षेत्रको विनाश नहुने गरी निजगढ नगरपालिकाका प्राविधिकसमेत सहभागी गराइ स्थानीय बासिन्दाबीच समन्वय गरी रेलमार्गको सर्भे गर्नुपर्ने सहमति भएको थियो।

सहभागी स्थानीयहरूले बकैया खोलापारि पश्चिम किनारबाट रेलमार्गको सुझावसमेत दिएका थिए।

आगामी दिनमा सर्भे गर्दा सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र सर्भे गर्नुपर्ने अन्यथा सर्भेमा स्थानीयवासीबाट सृजना हुन सक्ने बाधा, अवरोधमा सम्बन्धित पक्ष नै जिम्मेवार हुनुपर्ने रेलमार्ग पीडित सरोकार समितिका संयोजक जीतलाल श्रेष्ठ र सहसंयोजक विष्णु खड्काद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ।

उक्त ज्ञापनपत्र बुझ्नु बाराका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले मानवबस्ती, खेतीयोग्य जमीनलगायत अन्य ऐतिहासिक पुरातात्त्विक महत्त्वका क्षेत्र, संरचनाहरूलाई कुनै समस्या नआउने गरी रेलमार्ग बनाउनुपर्ने आफ्नो पनि धारणा रहेको, अन्य प्राविधिक पक्षहरूलाई पनि उचित ध्यान दिनुपर्ने जनाउँदै सम्बन्धित माथिल्ला निकायहरूमा समेत सो ज्ञापनपत्र पठाउने आश्वासन उनले दिएका छन्।

प्रमुख जिल्ला अधिकारी नेपालले स्थानीय तह निजगढ नगरपालिकाले रेल विभागलगायत सम्बन्धित निकायसँग गर्ने छलफलमा जिल्ला प्रशासन कार्यालय बारालाई पनि जानकारी दिनुपर्ने जसले गर्दा जिल्ला प्रशासनले सो विषयमा नजीकबाट बुझ्न पाउने बताए।

यसअघि रेलमार्ग सरोकार समिति निजगढले निजगढ नगरपालिकालाई पनि ज्ञापनपत्र बुझाइसकेको छ।




# खेलकूदको संसार

## योङ्स्टार युवा क्लब र निजगढ युवा क्लब 'ए' फाइनलमा

प्रस, निजगढ, ११ फागुन/

निजगढमा जारी तेस्रो निजगढ मेयर कप फूटबल प्रतियोगिताको उपाधिको लागि योङ्गस्टार युवा क्लब र निजगढ युवा क्लव ए'बीच प्रतिस्पर्धा हुने भएको छ। मङ्गलवार भएको दोस्रो सेमिफाइनल खेलमा हिमाल युवा क्लबलाई ० का विरुद्ध ६ गोल गर्दै निजगढ युवा क्लब 'ए'ले फाइनलमा योङ्गस्टार युवा क्लबसँगको भेट सुनिश्चित गरेको हो।

आजको खेलमा निजगढ युवा क्लब 'ए'को जीतमा १४औं मिनेटमा गोल गर्दै करण धामीले टीमको पहिलो गोलको खाता


तस्वीरः प्रतीक

खोले। २०औं मिनेटमा समीर कुमरले गोल गर्दै निजगढ युवा क्लबका लागि दोस्रो गोल गरे। हिमाल युवा क्लबलाई एकतर्फी दबाबमा राख्दै निजगढ युवा क्लबका कप्तान राजकिशोर धामीले २८औं मिनेटमा तेस्रो गोल गरे।

खेलको ४२औं मिनेटमा समीर कुमरले चौथो, ५५औं मिनेटमा करण धामीले पुनः गोल गर्दै पाँचौं अङ्क जोडे। करणले ७१औं मिनेटमा पुनः छैटौं गोल गरी ह्याट्रिक पूरा गर्दै निजगढ युवा क्लबलाई फाइनलमा प्रवेश गराए।

उत्कृष्ट खेल प्रदर्शन गरेबापत निजगढ युवा क्लब 'ए'का करण धामी म्यान अफ दि म्याच घोषित भए। उपाधिका लागि दुई टीमबीच यही फागुन १४ गते फाइनल खेल हुने भनिए पनि विविध कारणले यही १६ गते कडा प्रतिस्पर्धा हुने प्रतियोगिता आयोजक निजगढ फूटबल क्लबका अध्यक्ष शम्भु थापामगरले जानकारी दिए।

प्रतियोगिताको रिजर्भ डेमा बुधवार रौतहट र सर्लाहीका महिला टीमबीच निकै रोमोञ्चक मैत्रीपूर्ण प्रतिस्पर्धात्मक खेल हुने आयोजक निजगढ फूटबल क्लबका उपाध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए।

प्रतियोगिताको विजेताले १ लाख रुपैयाँ र उपविजेताले ४५ हजार रुपैयाँ, ट्रफी, मेडल, प्रमाणपत्र प्राप्त गर्ने आयोजक निजगढ फूटबल क्लबका कोषाध्यक्ष स्वर्ण लामाले जानकारी दिंदै भोलि विजयी हुने महिला टीमलाई पनि पुरस्कारको उचित व्यवस्था गरिएको बताए। खेल शहीद हीरालाल रङ्गशालामा हुनेछ।

## 'बी' डिभिजन लिग फूटबलमा नयाँबस्ती र खुमलटार विजयी

काठमाडौं, ११ फागुन/रासस

शहीद स्मारक 'बी' डिभिजन लिग फूटबल अन्तर्गत मङ्गलवार भएको पहिलो खेलमा नयाँबस्ती युवा क्लब विजयी भएको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा सम्पन्न खेलमा नयाँबस्तीले मध्यपुर युथ एशोसिएशनलाई २–१ गोलअन्तरले पराजित गरेको हो।

नयाँबस्तीका लागि सचु गुरुङ र अवय धिमालले एक/एक गोल गरे। गुरुङले खेलको आठौं मिनेटमा गोल गरेका थिए। यस्तै, धिमालले खेलको ७९औं मिनेटमा गोल गरे। यसैगरी, मध्यपुरका लागि सान्त्वना गोल खेलको ५७औं मिनेटमा भूपालसिंह गुरुङले गरे।

कोरोना भाइरस महामारीका कारण 'बी' डिभिजन लिग गत वर्ष चैत ५ गते स्थगित भएको थियो। उक्त लिग पुनः आजदेखि शुरू भएको हो। लिगमा १२ क्लबले प्रतिस्पर्धा गरिरहेका छन्। लिगको शीर्ष टोली 'ए' डिभिजनमा बढुवा हुनेछ भने पुछारको टोली 'सी' डिभिजनमा घटुवा हुनेछ।

आज भएको दोस्रो खेलमा युथ क्लब विजयी भएको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा सम्पन्न खेलमा खुमलटारले पुल्चोक स्पोर्ट्स क्लबलाई ५–२ गोलअन्तरले पराजित गरेको हो। खुमलटारका लागि महेश राईले दुई तथा सविन केसी, आयुष घलान र मनीष सेढाईंले एक/एक गोल गरे। खेलको २९औं मिनेटमा खुमलटारका लागि राईले पहिलो गोल गरे। यस्तै, खेलको ५२औं मिनेटमा केसीले पेनाल्टीमार्फत दोस्रो गोल गरे। खेलको ५८औं मिनेटमा खुमलटारका लागि घलानले तेस्रो गोल गरे। खेलको ६३औं मिनेटमा खुमलटारका लागि राईले चौथो तथा ६५औं मिनेटमा सेढाईंले पाँचौं गोल गरेका थिए।

यसैगरी, पुल्चोकका लागि मीनबहादुर गुरुङले खेलको ४०औं मिनेटमा तथा किस्मत लिम्बूले खेलको ४९औं मिनेटमा गोल गरेका थिए। जीतसँगै खुमलटारले हालसम्म छ खेलबाट १६ अङ्क तथा पुल्चोकले छ खेलबाट एक अङ्क मात्र जोडेको छ। कोरोना भाइरस महामारीको कारण 'बी' डिभिजन लिग गत चैत ५ गते स्थगित भएको थियो। उक्त लिग पुनः आजदेखि शुरू भएको हो। लिगमा १२ क्लबले प्रतिस्पर्धा गरिरहेका छन्। लिगको शीर्ष टोली 'ए' डिभिजनमा बढुवा हुनेछ भने पुछारको टोली 'सी' डिभिजनमा घटुवा हुनेछ।

### भारततर्फ ...............

पेट्रोलियम पदार्थको अभाव झेल्नुपरेको हो। नेपाल आयल निगमले भने ग्रामीण क्षेत्रमा सहजरूपमा पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको र कमी हुन नदिएको बताएको छ। स्थानीयले भने सहजरूपमा पेट्रोलियम पदार्थ पाउन नसकेको गुनासो गरेका छन्। उनीहरूले दैनिक कार्यको लागि मोटरसाइकल, ट्याक्टर र कृषिजन्य कामको लागि पेट्रोलियम पदार्थको सहज आपूर्ति नहुँदा समस्या भोग्नुपरेको बताएका छन्।

### कमिशनको ...........

मापदण्डविपरीत सञ्चालन भइरहेको पाइएपछि जिल्ला प्रशासन कार्यालयले छापा मारी मापदण्ड पूरा गर्न तीन महीनाको समयावधि प्रदान गरेको छ। सो अस्पतालले सबैभन्दा बढी कमिशन दिने हुँदा एम्बुलेन्स चालकहरूले अपहरणशैलीमा त्यहाँ बिरामी पुऱ्याउँदै आएका छन्।

नारायणी अस्पतालमा भर्ना हुन गएकी खातुनले इन्डो–नेपाल अस्पतालमा भर्ना हुँदा रु ६२ हजार तिर्नुपरेको थियो। जबकि सुत्केरीको लागि नारायणी अस्पतालमा निश्शुल्क उपचारको साथै यातायात खर्चबापत रु १ हजार दिइन्छ। सरकारी अस्पतालबाट कमिशन नआउने हुँदा एम्बुलेन्स चालकहरूले निजी अस्पतालहरूमा बिरामीहरूलाई अपहरणशैलीमा पुऱ्याउने गरेको गुनासो बढ्दो छ।

### किसानका.....

माथिल्लो तप्काका मानिसहरू आउँदैनन्, जसले गर्दा कृषि क्षेत्रमा सुधार हुन नसकेको केन्द्रको गुनासो छ।

पोखरियाका रमतुल्लाह खाँ (नाम परिवर्तन)ले किसानको लागि प्रधानमन्त्री कार्यक्रमबाहेक कृषि लक्षित कार्यक्रम नभएको बताए। उनले किसानहरूलाई आवश्यक भएको बेलामा बीउ, मल उपलब्ध नहुने, सिंचाइको पर्याप्त व्यवस्था नगरिएको जस्ता कुरामा स्थानीय पालिकाले ध्यान नदिएको आरोप लगाए। पोखरिया नगरपालिकाले के कति रकम विनियोजन गऱ्यो, कुन किसानलाई दियो भन्नेबारे आफूलाई जानकारी नभएको बताए।

बहुदरमाई नगरपालिकाका अर्का किसान रामरिजनले किसानलाई आवश्यक बीउ, मल अहिले पनि सीमापारिबाट ल्याउनुपर्ने अवस्था रहेको बताए। उनले स्थानीय पालिकाले किसानलाई सेवा सुविधा नदिएको गुनासो गरे।

स्थानीय पालिका कमिशनमा मात्र लिप्त भएको र कमिशनको कामलाई मात्र प्राथमिकता दिंदै आएको उनको आरोप छ। किसानबाट कमिशन नपाउने हुँदा किसानलक्षित कार्यक्रम न्यून हुने गरेको उनले बताए। यो नगरपालिकामा रु २५ लाख सशर्त बजेट किसानको लागि विनियोजित छ तर किसानलक्षित कार्यक्रम शून्य छ। भएपनि पार्टी, कार्यकर्ताहरूलाई किसान बनाएर कार्यक्रम गरिएको देखिन्छ।

जीराभवानी, पकाहामैनपुर, छिपहरमाई गाउँपालिकामा किसानबारे तथ्याङ्क छैन। कति बजेट विनियोजन भयो, कति खर्च भयो भन्नेबारेमा तथ्याङ्क नभएको सो पालिकाका कृषि शाखाले जनाएको छ। यद्यपि सो शाखाले कृषिलक्षित कार्यक्रमहरू वडापालिकास्तरबाट गरिएको दाबी गरेको छ तर के काम गऱ्यो भन्नेबारे कुनै कागजी प्रमाण छैन।

पकाहामैनपुर गापाका कृषि शाखा प्रमुख हरिनारायण चौरसियाले विवरण खोजी गरेकोमा खुशी व्यक्त गरे। उनले किसानहरूको विवरण स्थानीय पालिकाबाट खोजी गरिएको खण्डमा मात्र किसानलक्षित कार्यक्रमले प्राथमिकता पाउने बताए।

अहिलेसम्म किसानहरूलाई के कति सुविधा उपलब्ध गराइयो, कति किसान लाभान्वित भए र त्यसको प्रतिफल के कति भयो भन्ने विषयमा कुनै पनि संस्थाले खोजीनीति नगर्दा पर्सा जिल्लामा किसानहरू सेवा सुविधाबाट वञ्चित भएका हुन्।

अहिले पालिकाहरूले किसानहरूलाई भन्दा पनि नक्कली किसान खडा गरेर भएको बजेट सिध्याउने काम गर्दै आइरहेको पाइएको छ, जसले गर्दा पालिकाहरूमा सही तथ्याङ्क उपलब्ध छैन।